कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र बीमा ऐन, २०४९ बमोजिमको काम कारोबार गर्ने

# सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.

# SUN NEPAL LIFE INSURANCE COMPANY LTD.

**रजिष्टर्ड कार्यालयः** वडा नं.: २९, सिम्खडा प्लाजा, पुतलीसडक, काठमाडौं, नेपाल
फोन नं. ०१-४५३६१२६/४५३६१२७/४५३६१२८
Email: info@snlic.com.np | website: sunlife.com.np

**को**

## प्रारम्भिक सार्वजनिक निष्काशन (इनिशियल पब्लिक अफरिङ्ग) सम्बन्धी

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

## विवरण-पत्र

कम्पनीको जारी पूँजी रु.३,२०,००,००,०००/- को ३० प्रतिशतले हुन आउने रु. ९६,००,००,०००/- रकम बराबर प्रति शेयर रु. १००/- अंकित दरमा ९६,००,००० कित्ता साधारण शेयर मध्ये प्रति शेयर रु. १००/- अंकित दरमा प्रिमियम रु. १३९ थप गरी जम्मा मुल्य रु. २३९ मा १०% अर्थात् ९,६०,००० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृती प्राप्त गरि वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई, ५% अर्थात ४,८०,००० कित्ता शेयर सामूहिक लगानी कोषहरुलाई र कम्पनीको संचालक समितिको मिति २०८०/०२/२५ मा बसेको ७७ औं बैठकको निर्णय बमोजिम कम्पनीमा कार्यरत कर्मचारीहरुलाई रु. १०० अंकित मुल्यमा ५% अर्थात ४,८०,००० कित्ता शेयर सुरक्षित गरी बाँकी रहने ७६,८०,००० कित्ता शेयर सर्वसाधारणहरुमा प्रारम्भिक सार्वजनिक निष्काशन गरिएको ।

**कम्पनीको नेटवर्थ, प्रति शेयर आम्दानी र सञ्चित नाफा/नोक्सानसँग सम्बन्धित वास्तविक तथा प्रक्षेपित संक्षिप्त विवरणः**

कम्पनीको नेटवर्थ, प्रति शेयर आम्दानी तथा सञ्चित नाफा/नोक्सानमा भएको वास्तविक तथा प्रक्षेपित प्रतिफल देहाय बमोजिम रहेको छ:

| विवरण | वास्तविक | | | चैत २०७९ अपरिष्कृत* | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रति शेयर आम्दानी रु. | ६.५२ | ६.८७ | १५.७२ | १९.८४ | ३०.८८ | १६.५५ | १९.३३ |
| प्रति शेयर नेटवर्थ रु. | ११८.३५ | १२५.२७ | १५८.४१ | १४०.६३ | १५६.२९ | १५०.७५ | १६९.३२ |
| संचित नाफा नोक्सान(रु.दश लाखमा) | २२३.३२ | ३११.४९ | ३९५.४० | ८११.०६ | ९९१.३१ | ८९८.३९ | १,७०९.९५ |

*व्यवस्थापनबाट प्रमाणित भई नेपाल बीमा प्राधिकरणमा पेश भएको अपरिष्कृत वित्तीय विवरण ।

**दरखास्त साथ प्रति साधारण शेयर अंकित मुल्य रु. १००/- मा प्रिमियम रु. १३९ थप गरी जम्मा मुल्य रु. २३९ को दरले शत् प्रतिशत भुक्तानी माग गरिएको (तथापि कर्मचारीहरुको हकमा प्रति शेयर रु १०० मा शत् प्रतिशत भुक्तानी हुने गरी दरखास्त माग गरिएको) ।**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग ८ (पृष्ठ नं. २४)** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषणः**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रको स्वीकृती प्रदान गरेका कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल बीमा प्राधिकरण वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

संस्थापक तथा सञ्चालकहरु र संस्थापक शेयरधनीहरुका एकाघरको सदस्यले यस प्रारम्भिक सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैनन् तथा कर्मचारीहरुलाई सुरक्षित गरिएको शेयर सर्वसाधारणलाई बाँडफाँड भएको मितिबाट ३ वर्षसम्म खरिद बिक्री गर्न बन्देज गरिएको ।

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि केयर रेटिङ्गस नेपाल लि. बाट मिति २०७९/०८/०६ मा "CARE-NP BBB- (Is) [Pronounced as Triple B Minus (Issuer)" प्राप्त गरेको छ । जसले समयमानै वित्तिय दायित्व बहन गर्न सक्षम रहेको औसतस्तरको सुरक्षित कम्पनीलाई (Moderate Degree of safety regarding timely servicing of financial obligations) जनाउँदछ । केयर रेटिङ्गस नेपाल लिमिटेडले [CARE- NP]AAA देखि [CARE-NP]D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [CARE-NP]AAA ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा कम जोखिम अर्थात उच्च सुरक्षित रहेको आधार जनाउँछ र [CARE-NP]D ले वित्तिय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा बढी जोखिम रहेको जनाउँदछ । रेटिङ्ग संकेत पछाडी रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । यसको अर्थ CARE-NP BBB+ (Is) को स्थिति CARE-NP BBB– (Is) को भन्दा एक चिन्ह माथि रहन्छ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ग २२ (ट) मा उल्लेख गरिएको छ ।

इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मिति २०७९/०८/०६ (तदनुसार नोभेम्बर २२, २०२२) र बहाल रहने अवधि २०८०/०८/०५ (तदनुसार नोभेम्बर २१, २०२३) सम्म रहेको छ ।

**नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति २०८०/०३/१९ । कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्रदर्ता भएको मिति २०८०/०३/१९**

## *साधारण शेयरको बिक्री खुल्ला अवधिः*

| | | |
|---|---|---|
| **वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमाः** | **निष्काशन खुला हुने मितिः २०८०/०४/०१**<br>**निष्काशन बन्द हुने मिति (छिटोमा): २०८०/०४/१५** | **सर्वसाधारणको हकमाः वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि खुला गरिएको शेयर बाँडफाँड भएपछि दोस्रो चरणमा खुला गरिने ।** |

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

**नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड**
**Nepal SBI Merchant Banking Ltd.**

लेखनाथमार्ग, ठमेल, काठमाण्डौ,
फोन नं. ०१-४५१२७४३, ४५४१७८०
वेवसाइटः https://nsmbl.com.np

*नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website: https://nsmbl.com.np निष्काशनकर्ता कम्पनीको Website: sunlife.com.np साथै, नेपाल धितोपत्र बोर्डको Website: www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ ।*

## ख. विवरणपत्रको मुखपृष्ठको भित्री भागमा उल्लेख हुनुपर्ने कुराहरु :

### (ख) १. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

(क) **"विवरणपत्र"** भन्नाले सार्वजनिक रुपमा धितोपत्र निष्काशन गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम निष्काशन कम्पनीको बारेमा लगानीकर्ताहरुलाई जानकारी दिनको लागि तयार गरि प्रकाशित गरिएको पुस्तिका सम्झनु पर्दछ ।

(ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, लेखनाथमार्ग, ठमेल, काठमाडौं सम्झनु पर्दछ।

(ग) **"इन्स्योरेन्स कम्पनी/संगठित संस्था"** भन्नाले निष्काशनकर्ता कम्पनी सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, वडा नं. २९ सिम्खडा-प्लाजा, पूतलीसडक, काठमाडौं सम्झनु पर्दछ ।

(घ) **"संकलन केन्द्र"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ बमोजिम धितोपत्रको दरखास्त संकलन गर्न अनुमति प्राप्त बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यलयहरु सम्झनु पर्दछ ।

(ङ) **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्रि प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक वा राष्ट्रिय स्तरको विकास बैंक सम्झनु पर्दछ ।

(च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल बीमा प्राधिकरणलाई सम्झनु पर्दछ ।

(छ) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको संस्थापक, संचालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापन सम्झनु पर्दछ ।

(ज) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्ड सम्झनु पर्दछ ।

(झ) **"आधारभूत शेयरधनी"** भन्नाले कम्पनीको चुक्ता पूँजीको १ प्रतिशत भन्दा बढी शेयर धारण गरेका शेयरधनी सम्झनु पर्दछ ।

(ञ) **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ ।

ट) **"खुद सम्पत्ति (नेटवर्थ)"** भन्नाले नेपाल वित्तीय प्रतिवेदन मान अनुसार सङ्गठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरुको कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने खुद सम्पत्ति (नेटवर्थ) रकम सम्झनु पर्छ ।

ठ) **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको खुद नाफालाई जम्मा कायम साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ ।

ड) **"प्रिमियम मुल्य"** भन्नाले धितोपत्रको अङ्कित मुल्य भन्दा बढी मूल्य भएको अवस्थालाई सम्झनु पर्छ ।

ढ) **"नेटवर्थ प्रति शेयर"** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पूँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगायतका कुनै पनि प्रकारको सञ्चित कोषको कुल जोडलाई कूल शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ ।

(ण) **"जीवन बीमा"** भन्नाले कुनै व्यक्तिको जीवन सम्बन्धमा निजको उमेरको आधारमा एकमुष्ठ वा किस्ताबन्दीमा कुनै खास रकम बुझाएमा निज वा निजले अख्तियारी दिएको व्यक्तिले वा निजको मृत्यु भएको अवस्थामा बीमालेखमा उल्लेख भए बमोजिम निजले अख्तियारी दिएको व्यक्ति वा निजले इच्छाएको व्यक्ति वा निजको हकवालाले कुनै खास रकम पाउने गरी बीमकले बीमितसँग गरेको करार सम्झनु पर्छ ।

(त) **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्बन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनु पर्दछ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्रि वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउँदछ ।

(थ) **"विप्रेषण (रेमिटयान्स) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरीद दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटयान्स) बचत खाता सम्झनु पर्दछ ।

(द) **"धितोपत्र प्रत्याभूतिकर्ता"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूति (अण्डरराइटिङ्ग) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी श्री प्रभु क्यापिटल लिमिटेड, एनआईबिएल एस क्यापिटल लिमिटेड, एनआईबिएल प्रगति फण्ड, एनआईबिएल सहभागीता फण्ड, एनआईसी एशिया क्यापिटल लिमिटेड तथा हिमालयन क्यापिटल लिमिटेड लाई सम्झनुपर्दछ ।

## ख. विवरणपत्रको मुखपृष्ठको भित्री भागमा उल्लेख हुनुपर्ने कुराहरु :

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, लेखनाथ मार्ग, ठमेल, काठमाडौं Website: www.nsmbl.com.np |
| २. | सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, सिम्खडा प्लाजा, पूतलीसडक, काठमाडौं Website: www.sunlife.com.np |

साथै, निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटः www.nsmbl.com.np, निष्काशनकर्ता कम्पनीको वेभसाइट www.sunlife.com.np र नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र डाउनलोड गरि अध्ययन गर्न सकिनेछ ।

| सि.नं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान : |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

## ग.१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण:

"हामीलाई निष्काशनकर्ता संगठित संस्था सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## ग.२. संगठित संस्थाको उद्घोषण:

**क. संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण:**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि श्री नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेको छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण:**

यस सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सोको जोखिम लगानीकर्ता स्वयंले बहन गर्नु पर्नेछ ।

**ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण:**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै: कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड आदि) को प्रारम्भिक सार्वजनिक निष्काशन (इनिसिएल पब्लिक अफरिङ्ग) तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै प्रारम्भिक सार्वजनिक निष्काशन (इनिसिएल पब्लिक अफरिङ्ग) प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सोमा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल बीमा प्राधिकरण र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०१/०५ को पत्रानुसार यस कम्पनीले आ.व २०७८/७९ सम्मको कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने विवरण पेश गरेको हुँदा आ.व २०७८/७९ सम्म कम्पनी अद्यावधिक रहेको छ । साथै मिति २०७९/१२/०६ मा नेपाल बीमा प्राधिकरणबाट यस कम्पनीको आ.व २०७८/७९ को वित्तीय विवरण स्विकृत भइसकेको छ ।

**घ. संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस कम्पनीको संस्थापक, संचालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा प्रमुख कार्यकारी अधिकृत रहेका छैनन् ।
३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस इन्स्योरेन्स कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस इन्स्योरेन्स कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
५. यस सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा प्रमुख कार्यकारी अधिकृत हुन अयोग्य रहेका छैनन् ।

## ग.३.संगठित संस्था सम्बन्धी जानकारी :

क. **संगठित संस्थाको पृष्ठभूमी :**

**(क) संस्थाको नाम:** सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड (Sun Nepal Life Insurance Company Limited )

**(ख) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा:** कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित भई बीमा ऐन, २०७९ (तत्कालिन बिमा ऐन २०४९) तथा बीमा नियमावली, २०४९ बमोजिम जीवन बीमा व्यवसायको कारोबार गर्ने इजाजतपत्र प्राप्त गरि स्थापित भएको ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना:** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२९, सिम्खडा-प्लाजा, पूतलीसडक, काठमाडौंमा रहेको छ ।

**(घ) कारोवार गर्ने मुख्य स्थान:** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान रजिष्टर्ड तथा कर्पोरेट कार्यलय काठमाडौं जिल्ला, काठमाडौ महानगरपालिका, वडा-२९, सिम्खडा-प्लाजा, पूतलीसडक काठमाडौंमा रहेको छ । आवश्यकता अनुसार सम्बन्धित निकायको स्वीकृति लिई यस कम्पनीले स्वदेश भित्र शाखा/उपशाखा तथा सम्पर्क कार्यालय स्थापना गरी कारोबार गर्न सकिने व्यवस्था रहेको र यस कम्पनीले २०८०/०३/१९ गतेसम्म २९ शाखा कार्यलयहरु तथा १६१ उपशाखा कार्यलयहरु सञ्चालनमा ल्याएको छ जसको विवरण निम्नानुसार रहेको छ ।

**१. शाखा कार्यालयहरुको विवरण**

| क्र.सं. | नाम र ठेगाना | स्थापना मिति | क्र.सं. | नाम र ठेगाना | स्थापना मिति |
|---|---|---|---|---|---|
| १ | बिर्तामोड, झापा | २०७४/०७/१५ | २ | दमक, झापा | २०७४/०७/१४ |
| ३ | इटहरी, सुनसरी | २०७४/०९/३० | ४ | बसन्तपुर, तेह्रथुम | २०७४/११/२० |
| ५ | धरान, सुनसरी | २०७४/११/१९ | ६ | ईलाम | २०७९/०५/०८ |
| ७ | जनकपुर, धनुषा | २०७४/०७/१६ | ८ | लाहान, सिराहा | २०७४/०९/२८ |
| ९ | विरगंज, पर्सा | २०७५/०१/१६ | १० | गोलबजार, सिराहा | २०७८/०१/०७ |
| ११ | त्रिपुरेश्वर, काठमाडौ | २०७४/०६/२५ | १२ | बनेपा, काभ्रे | २०७४/०७/१९ |
| १३ | नारायणघाट, चितवन | २०७५/०१/१७ | १४ | सुर्यविनायक, भक्तपुर | २०७४/१२/०७ |
| १५ | लगनखेल, ललितपुर | २०७५/०८/२० | १६ | हेटौंडा | २०७९/०५/०८ |
| १७ | पोखरा, कास्की | २०७४/०७/१० | १८ | बुर्तिबाङ्, कास्की | २०७९/०५/१० |
| १९ | बुटवल, रुपन्देही | २०७४/०६/३१ | २० | दाङ, तुलसीपुर | २०७४/०६/३० |
| २१ | नेपालगञ्ज, बाँके | २०७४/१०/१७ | २२ | अर्घाखाचीँ | २०७९/०५/०९ |
| २३ | कपिलवस्तु | २०७९/०५/०९ | २४ | गुल्मी | २०७९/०५/०९ |
| २५ | सुर्खेत | २०७४/०६/२९ | २६ | डडेल्धुरा | २०७४/०६/२६ |
| २७ | धनगढी | २०७४/०६/२७ | २८ | लम्की, कैलाली | २०७९/०५/१० |
| २९ | विराटनगर | २०७९/०५/०८ | | | |

**२. उपशाखा कार्यालयहरुको विवरण**

| क्र.स. | नाम र ठेगाना | स्थापना मिति | क्र.स. | नाम र ठेगाना | स्थापना मिति |
|---|---|---|---|---|---|
| १ | सुख्खड उपशाखा | २०७४-११-२८ | ८२ | बाजुरा उपशाखा | २०७५-०४-१५ |
| २ | पुर्नवास उपशाखा | २०७४-११-२९ | ८३ | डोटी उपशाखा | २०७५-०४-१६ |
| ३ | महेन्द्रनगर उपशाखा | २०७४-११-२९ | ८४ | मंगलसेन उपशाखा | २०७५-०४-१६ |
| ४ | जाजरकोट उपशाखा | २०७५-०१-२३ | ८५ | अछाम उपशाखा | २०७५-०४-१६ |
| ५ | जुम्ला उपशाखा | २०७५-०१-२४ | ८६ | पुरानो बानेश्वार, उपशाखा | २०७६-०२-०१ |
| ६ | कालिकोट उपशाखा | २०७५-०१-२५ | ८७ | बनस्थली उपशाखा | २०७६-०२-०१ |
| ७ | घोराही उपशाखा | २०७४-११-३० | ८८ | ज्ञानेश्वर उपशाखा | २०७६-०२-०१ |
| ८ | लमही उपशाखा | २०७४-११-३० | ८९ | थली उपशाखा | २०७६-०२-०२ |
| ९ | बर्दिबास उपशाखा | २०७५-०१-१८ | ९० | वानेश्वर उपशाखा | २०७६-०२-०२ |
| १० | गोदार उपशाखा | २०७५-०१-१८ | ९१ | पुरानो ठिमी उपशाखा | २०७६-०२-०५ |
| ११ | सिन्धुली उपशाखा | २०७५-०१-१९ | ९२ | कमलविनायक उपशाखा | २०७६-०२-०५ |
| १२ | चन्द्रपुर उपशाखा | २०७५-०१-१७ | ९३ | मिर्चैया उपशाखा | २०७६-०२-०६ |
| १३ | भुरिगाँउ उपशाखा | २०७५-०२-१३ | ९४ | सिरहा उपशाखा | २०७६-०२-०६ |
| १४ | रुकुम उपशाखा | २०७५-०४-१९ | ९५ | कन्चनपुर उपशाखा | २०७६-०२-०६ |
| १५ | मेलम्ची उपशाखा | २०७५-०५-०८ | ९६ | गौरादह उपशाखा | २०७६-०२-२० |
| १६ | डोल्पा उपशाखा | २०७५-०५-१२ | ९७ | रातामाटा उपशाखा | २०७६-०२-२० |
| १७ | हुम्ला उपशाखा | २०७५-०५-११ | ९८ | जलेश्वर उपशाखा | २०७६-०२-२१ |
| १८ | दैलेख उपशाखा | २०७५-०५-१० | ९९ | लेखनाथ उपशाखा | २०७६-०२-२१ |
| १९ | बर्दिया उपशाखा | २०७५-०८-१७ | १०० | कोल्टी उपशाखा | २०७६-०२-२१ |
| २० | बैतडी उपशाखा | २०७५-११-२१ | १०१ | विराटचोक उपशाखा | २०७६-०२-२२ |
| २१ | मंथली उपशाखा | २०७५-११-२१ | १०२ | पोखरीया उपशाखा | २०७६-०२-२२ |
| २२ | यदुकुवा उपशाखा | २०७५-११-२१ | १०३ | ओखलढुङ्गा उपशाखा | २०७६-०५-१२ |
| २३ | भैरहवा उपशाखा | २०७५-११-२२ | १०४ | सोलुखुम्बु उपशाखा | २०७६-०५-१२ |
| २४ | गुल्मी उपशाखा | २०७५-११-२२ | १०५ | बाबीयाचौर उपशाखा | २०७६-०५-१३ |

| क्र.स. | नाम र ठेगाना | स्थापना मिति | क्र.स. | नाम र ठेगाना | स्थापना मिति |
|---|---|---|---|---|---|
| २५ | प्युठान उपशाखा | २०७५-११-२२ | १०६ | कटारी उपशाखा | २०७६-०५-१३ |
| २६ | पाल्पा उपशाखा | २०७५-११-२३ | १०७ | दिक्तेल उपशाखा | २०७६-०५-१३ |
| २७ | धादिङ उपशाखा | २०७५-११-२३ | १०८ | झलारी उपशाखा | २०७६-०५-१५ |
| २८ | रोल्पा उपशाखा | २०७५-११-२४ | १०९ | भजनि उपशाखा | २०७६-०५-१५ |
| २९ | राजापुर उपशाखा | २०७५-११-२४ | ११० | हसुलिया उपशाखा | २०७६-०५-१५ |
| ३० | खाँदबारी उपशाखा | २०७५-११-२६ | १११ | मुग्लिङ्ग उपशाखा | २०७६-०५-१६ |
| ३१ | बालाजु उपशाखा | २०७५-११-२६ | ११२ | चनौली उपशाखा | २०७६-०५-१६ |
| ३२ | चाबहील उपशाखा | २०७५-११-२६ | ११३ | माडी उपशाखा | २०७६-०५-१६ |
| ३३ | किर्तिपुर उपशाखा | २०७५-११-२६ | ११४ | मेघौली उपशाखा | २०७६-०५-१७ |
| ३४ | म्याग्दी उपशाखा | २०७५-११-२७ | ११५ | गितानगर उपशाखा | २०७६-०५-१७ |
| ३५ | पर्वत उपशाखा | २०७५-११-२७ | ११६ | बर्दघाट उपशाखा | २०७६-०५-१७ |
| ३६ | सल्यान उपशाखा | २०७५-११-२७ | ११७ | मुर्गिया उपशाखा | २०७६-०५-१८ |
| ३७ | खाडीचौर उपशाखा | २०७५-११-२७ | ११८ | चन्द्रौटा उपशाखा | २०७६-०५-१८ |
| ३८ | जिरी उपशाखा | २०७५-११-२७ | ११९ | पाँचखाल उपशाखा | २०७७-११-१६ |
| ३९ | गौर उपशाखा | २०७५-११-२८ | १२० | सिम्रौनगढ उपशाखा | २०७७-११-१६ |
| ४० | कलैया उपशाखा | २०७५-११-२८ | १२१ | पाटन उपशाखा | २०७७-११-१६ |
| ४१ | इनरुवा उपशाखा | २०७५-११-२८ | १२२ | हापुरे उपशाखा | २०७७-११-१७ |
| ४२ | धनकुटा उपशाखा | २०७५-११-२८ | १२३ | रुकुमकोट उपशाखा | २०७७-११-१७ |
| ४३ | टाँडी उपशाखा | २०७६-०१-२६ | १२४ | जोरपाटी उपशाखा | २०७७-११-१७ |
| ४४ | भरतपुर उपशाखा | २०७६-०१-२६ | १२५ | झुम्का उपशाखा | २०७७-११-१८ |
| ४५ | गोंगबु उपशाखा | २०७६-०१-२७ | १२६ | स्वयम्भु उपशाखा | २०७७-११-१८ |
| ४६ | कौशलटार उपशाखा | २०७६-०१-२७ | १२७ | रंगेलि उपशाखा | २०७७-११-१८ |
| ४७ | अत्तरीया उपशाखा | २०७६-०१-२९ | १२८ | मसुरिया उपशाखा | २०७७-११-१९ |
| ४८ | बेलौरी उपशाखा | २०७६-०१-२९ | १२९ | मर्चवार उपशाखा | २०७७-११-१९ |
| ४९ | बुढानिलकण्ठ उपशाखा | २०७६-०१-३० | १३० | जामुने उपशाखा | २०७७-११-१९ |
| ५० | फिक्कल उपशाखा | २०७६-०१-३० | १३१ | दल्ली उपशाखा | २०७७-११-१९ |
| ५१ | कलंकी उपशाखा | २०७५-०३-०८ | १३२ | अदान्चुली उपशाखा | २०७७-११-२० |
| ५२ | महाराजगञ्ज उपशाखा | २०७५-०३-०८ | १३३ | दुहवी उपशाखा | २०७७-११-२० |
| ५३ | नक्साल उपशाखा | २०७५-०३-०८ | १३४ | फिदिम उपशाखा | २०७७-१२-२२ |
| ५४ | न्युरोड उपशाखा | २०७५-०३-०८ | १३५ | दुधे उपशाखा | २०७७-१२-२२ |
| ५५ | कोटेश्वर उपशाखा | २०७५-०३-०९ | १३६ | इमाडोल उपशाखा | २०७७-१२-२३ |
| ५६ | बाँसगढी उपशाखा | २०७५-०३-१० | १३७ | दुलेगौडा उपशाखा | २०७७-१२-२४ |
| ५७ | कोहलपुर उपशाखा | २०७५-०३-१० | १३८ | बोदेबरसाइन उपशाखा | २०७७-१२-२५ |
| ५८ | फत्तेपुर उपशाखा | २०७५-०३-११ | १३९ | कल्याणपुर,सिरहा उपशाखा | २०७७-१२-२५ |
| ५९ | छिन्चु उपशाखा | २०७५-०३-११ | १४० | जोगबुढा उपशाखा | २०७७-१२-२६ |
| ६० | गमगडी उपशाखा | २०७५-०३-११ | १४१ | चैनपुर उपशाखा | २०७७-१२-२६ |
| ६१ | मलंगवा उपशाखा | २०७५-०३-१२ | १४२ | ढल्केवर उपशाखा | २०७८-०१-०५ |
| ६२ | सिमरा उपशाखा | २०७५-०३-१२ | १४३ | पतारी उपशाखा | २०७८-०१-०५ |
| ६३ | कोल्हवी उपशाखा | २०७५-०३-१२ | १४४ | कल्याणपुर, सप्तरी उपशाखा | २०७८-०१-०५ |
| ६४ | ताप्लेजुङ्ग उपशाखा | २०७५-०३-१६ | १४५ | सिपाघाट उपशाखा | २०७८-०१-०५ |
| ६५ | भद्रपुर उपशाखा | २०७५-०३-१७ | १४६ | उर्लाबारी उपशाखा | २०७८-०१-०६ |
| ६६ | भोजपुर उपशाखा | २०७५-०३-१७ | १४७ | रामपुर उपशाखा | |
| ६७ | नुवाकोट उपशाखा | २०७५-०४-०५ | १४८ | अठराई उपशाखा | २०७८-०१-०६ |
| ६८ | चरिकोट उपशाखा | २०७५-०४-०५ | १४९ | पालुङ उपशाखा | २०७८-०१-०६ |
| ६९ | बाग्लुङ्ग उपशाखा | २०७५-०४-०७ | १५० | तौलिहवा उपशाखा | २०७८-०१-०७ |
| ७० | दमौली उपशाखा | २०७५-०४-०७ | १५१ | सानेपा उपशाखा | |
| ७१ | कावासोति उपशाखा | २०७५-०४-०७ | १५२ | सुखिपर उपशाखा | २०७८-०१-०७ |
| ७२ | गोर्खा उपशाखा | २०७५-०४-०८ | १५३ | पुल्चोक उपशाखा | |
| ७३ | लमजुङ्ग उपशाखा | २०७५-०४-०८ | १५४ | गैंडाकोट उपशाखा | २०७८-०१-०८ |
| ७४ | राजविराज उपशाखा | २०७५-०४-०९ | १५५ | सखुवा महेन्द्र नगर उपशाखा | २०७८-०१-०८ |
| ७५ | उदयपुर उपशाखा | २०७५-०४-०९ | १५६ | राम गोपालपुर उपशाखा | २०७८-०१-०८ |
| ७६ | खैरेनि उपशाखा | २०७५-०४-०९ | १५७ | कपन, उपशाखा | २०७८-०१-०८ |
| ७७ | धनुषाधाम, उपशाखा | २०७५-०४-१० | १५८ | परासी, उपशाखा | २०७८-०१-०९ |
| ७८ | लालबन्दी उपशाखा | २०७५-०४-१० | १५९ | भिमाद, उपशाखा | २०७८-०१-०९ |
| ७९ | टिकापुर उपशाखा | २०७५-०४-१४ | १६० | सिधुवा, उपशाखा | २०७८-०१-०९ |
| ८० | दार्चुला उपशाखा | २०७५-०४-१५ | १६१ | स्याङ्जा, उपशाखा | २०७८-०१-०९ |
| ८१ | बझाङ उपशाखा | २०७५-०४-१५ | | | |

**(ङ) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मूख्य उद्देश्यहरु :**

यस सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भई नेपाल बीमा प्राधिकरणबाट(तत्काली बीमा समिति) मिति २०७४/०४/१८ मा जीवन बीमा व्यवसाय गर्ने बीमकको इजाजतपत्र प्राप्त गरी मिति २०७४/०६/०६ गते देखि जीवन बीमा व्यवसायको कार्य प्रारम्भ गरी हाल सम्म निरन्तरता दिदै आईरहेको छ । यस कम्पनीले कम्पनी ऐन, २०६३, बीमा ऐन, २०७९ तथा बीमा नियमावली, २०४९ तथा प्रचलित कानूनको अधिनमा रहि धेरै भन्दा धेरै जीवन बीमा सेवा प्रवाह गर्न ***"सन लाइफ छ जहाँ जीवन बीमा छ त्यहाँ"*** भन्ने नारा सहित उत्कृष्ट जीवन बीमा सेवा प्रदायकको रुपमा स्थापित हुने लक्ष्य लिएको छ ।

यस कम्पनीको मुख्य संस्थापकहरुमा प्रतिष्ठित उद्योगपति, वित्तीय तथा वाणिज्य क्षेत्रका व्यवसायीहरु, चार्टर्ड एकाउन्टेन्टस् एवम् समाजसेवी तथा बीमा क्षेत्रका अनुभवी व्यक्तिहरु रहेका छन् ।

यस कम्पनीले २९ शाखा कार्यालय तथा १६१ उपशाखा कार्यालयहरु मार्फत नेपालभर व्यवसायिक पहुँच कायम गरेको छ । दक्ष जनशक्तिको विकास गरी प्रतिष्ठित कम्पनीको रुपमा स्थापित भै धेरै भन्दा धेरै व्यवसायीक सफलता हासिल गरी बिमित एवम् लगानीकर्ताहरुलाई समूचित प्रतिफल प्रदान गर्ने लक्ष्य अनुरुप क्रियाशिल रहेको छ ।

**कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम बीमा ऐन, २०७९ (तत्कालीन बीमा ऐन, २०४९) तथा अन्य प्रचलित कानूनको अधिनमा रही कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छः**

(क) बीमा ऐन र बीमा नियामवलीको अधिनमा रही जीवन बीमा व्यवसाय संचालन गरी हरेक किसिमको जीवन बीमा सम्बन्धी सेवा उपलब्ध गराई देशको आर्थिक विकासमा सहयोग पुऱ्याउने कम्पनीको मुख्य उद्देश्य रहेको छ ।

(ख) आजीवन जीवन बीमा, सावधिक जीवन बीमा र म्यादी जीवन बीमा सम्बन्धी कार्यहरु गर्ने गराउने ।

(ग) प्रत्येक किसिमको जीवन तथा दुर्घटना सम्बन्धमा व्यक्ति विशेषको ज्यानमा खतरा वा शरीरको कुनै विशेष भागमा भएको वा हुने हानी नोक्सानी शारीरिक वा मानसिक आघातका सम्बन्धमा बीमा गर्ने गराउने ।

(घ) कुनै कम्पनी वा कम्पनीको कामदारको सम्बन्धमा कुनै कारबाहीमा हानि नोक्सानी, कामदारलाई हुने दुर्घटना, कुनै कानून अन्तर्गत गर्नु पर्ने क्षतिपुर्ति, शारीरिक वा जीवनकै क्षति समेतको लागि बीमा गर्ने, गराउने ।

(ङ) बीमा सम्झौता गरेवापत प्राप्त भएको रकम विभिन्न क्षेत्रमा लगानी गर्ने, असुली गर्ने ।

(च) विभिन्न कम्पनीहरुको संस्थापक भई वा नभई शेयरमा लगानी गर्ने गराउने ।

(छ) सम्पत्तिको संरक्षणको लागि तथा बिमितहरुको हित र सुविधाको लागि पुर्नबीमा गराउने ।

(ज) स्वीकृति लिनुपर्नेमा स्वीकृति लिई स्वदेशी तथा विदेशी बीमा कम्पनीहरुसँग मिली वा छुट्टाछुट्टै किसिमको बीमा व्यवसाय गर्ने गराउने ।

(झ) बीमा, पुर्नबीमा व्यवसायको लागि स्वदेशी तथा विदेशी बीमा कम्पनीहरुको प्रतिनिधी (अभिकर्ता), ब्रोकर (दलाल) भई काम गर्ने,गराउने ।

(ञ) शेयरपूँजी, बीमाशुल्क, व्याज र अन्य आय वापत प्राप्त रकमहरु उचित प्रतिफल पाउने गरी विभिन्न चल तथा अचल सम्पत्तिमा लगानी गर्ने, बिक्री गर्ने र सो सम्बन्धि कार्य गर्ने गरी सहायक कम्पनी स्थापना गर्ने वा अन्यले स्थापना गर्ने कम्पनीमा सहभागि हुने ।

**कम्पनीले उपरोक्त उद्देश्य पुरा गर्न देहाय बमोजिमका कार्यहरु गर्नेछ :**

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने । साथै, सम्बन्धित नियमनकारी निकायको स्वीकृति लिई व्यवसायिक प्रयोजनमा समेत खरिद बिक्री गर्न सक्ने ।

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाको शर्तहरु निर्धारण गर्ने ।

(ग) कम्पनीमा लगानी भएको शेयरको रकम र बीमाशुल्क वापत प्राप्त रकम तथा त्यसबाट आर्जित रकम बैंक तथा वित्तीय संस्थामा विभिन्न नामको खाता खोली जम्मा गरी खाता सञ्चालन गर्ने ।

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने र शर्त अनुसार चुक्ता गर्दै जाने ।

(ङ) कम्पनीको नामबाट शेयर तथा डिवेन्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्न सक्ने ।

(च) कम्पनी सञ्चालनको लागि आवश्यक पर्ने भवन, कार्यशाला, अफिस घर, गोदाम, जमीन, फर्निचरहरु तथा अन्य चल अचल सम्पत्ति आदि जायजेथा खरिद गर्ने, लिज वा भोग बन्धकीमा लिने वा अन्य तरिकाबाट प्राप्त गर्ने वा बनाउने, निर्माण, सुसज्जा, विस्तार, आधुनिकरण, मर्मत सम्भार, नियन्त्रण संचालन गर्ने तथा सोको व्यवस्थापन गर्ने ।

(छ) कम्पनीलाई आकस्मिक क्षतिबाट बचाउन कम्पनीको मेसिनरी, भवन लगायत सबै प्रकारका सम्पत्तिहरुको आवश्यकतानुसार बीमा गराउने ।

(ज) प्रचलित कानुनको अधिनमा रही कम्पनीलाई प्रत्यक्ष किसिमले लाभप्रद प्राविधिक ज्ञान तथा सिपहरु उपलब्ध गराउने, सोको लागि व्यक्ति वा कम्पनीसँग सम्झौता गर्ने ।

(झ) कम्पनीको लागि आवश्यक पर्ने प्रशिक्षक, कानुन व्यवसायी, सुपरिवेक्षक, इन्जिनियर, विशेषज्ञ, कामदारहरुको नियुक्ति गर्ने, तिनिहरुको सेवा शर्त तथा तलब भत्ता तोक्ने, आवश्यक भएमा सोको लागि व्यवस्थित गर्न विनियम बनाई लागु गर्ने ।

(ञ) कम्पनीको व्यापारिक हित संरक्षणको लागि डिजाइन र ट्रेडमार्क दर्ता गराउने, उपयोग गर्ने ।

(ट) कम्पनीको तर्फबाट वा कम्पनी विरुद्ध परेका मुद्दा मामिलाहरुको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने, यस सम्बन्धमा आवश्यक कानूनी सेवा प्राप्त गरि आफ्नो हक अधिकारको संरक्षण गर्ने, सहुलियत सुविधालाई सुरक्षित राख्ने ।

(ठ) कम्पनीले आफ्नो व्यापार प्रवर्द्धन तथा विस्तारको लागि विभिन्न प्रकारका संचारका साधन तथा पत्रपत्रिका लगायतका मिडियाबाट प्रचार प्रसार गर्ने, गराउने ।

(ड) कम्पनीको लागि आवश्यक नपर्ने चल अचल सम्पत्ति तथा जग्गा जमिन बिक्री गर्ने ।

(ढ) कम्पनीको उद्देश्य पुरा गर्न आवश्यक पर्ने मेशिन, औजार, उपकरण लगायतका सामान उपकरणहरु विदेशबाट आयात गर्ने तथा स्थानीय बजारमा खरिद गर्ने तथा भाडामा लिई प्रयोग गर्ने ।

(ण) कम्पनीको मौज्दातमा रहेको सम्पत्ति मध्ये तत्काल आवश्यक नपर्ने रकम लगानी गर्ने, सो असुल उपर गर्ने वा बैंक वित्त कम्पनीमा जम्मा गर्ने ।

(त) माथि उल्लेख भएका सबै उद्देश्य प्राप्त गर्नका लागि ठेक्का, लाइसेन्स आदि सुविधाहरुको निमित्त दरखास्त दिने, टेण्डर खरिद गर्ने वा अन्य कुनै तरिकाले प्राप्त गर्ने, सम्पादन गर्ने, पुरा गर्ने, सम्पन्न गर्ने कार्यहरु गर्ने ।

(थ) स्वीकृति लिनु पर्नेमा स्वीकृति लिई विदेशी लगानी तथा संयुक्त लगानी, प्रविधि हस्तान्तरण समावेश गरि तथा विदेशी कम्पनीसंग मिलि कार्य गर्ने ।

(द) आजिवन (Whole Life), सावधिक (Endowment), र म्यादी (Term) जीवन बीमा व्यक्तिगत तथा सामुहिक रुपमा गर्ने ।

(ध) आजिवन, सावधिक, म्यादी र व्यक्तिगत दुर्घटनाको सम्मिश्रण गरि अन्य आर्कषक बीमा योजनाहरु जस्तै अग्रिम भुक्तानी योजना (Money Back Policy) आदि संचालन गर्ने ।

(न) बीमा योजनाहरु संचालन गर्न आवश्यक पर्ने प्रस्ताव फारम, स्वीकृति पत्र, बीमा लेखहरु तयार गर्ने, जारी गर्ने, स्वीकृति गर्ने।

(प) जीवन बीमा व्यवसाय संचालन गर्ने क्रममा आवश्यक पर्ने लेखा परीक्षक, बीमांकी (Actuary), अभिकर्ता, विकास अधिकृत आदि नियुक्त गर्ने र निजहरुको पारिश्रमिक र कमिशन भुक्तानी गर्ने व्यवस्था गर्ने ।

(फ) जीवन बीमालेखवालाहरुको बीमा अवधि समाप्त भएपछि वा बीमा चालु रहेको अवस्थामा मृत्यु भएमा बीमालेखवाला वा निजले इच्छाएको बीमा ऐनमा व्यवस्था भए बमोजिम बीमालेखवालाको नातेदारहरुलाई दावी भुक्तानी गर्ने त्यसै गरि पेन्शन वा एन्युइटी लिने व्यक्ति (Pensioner or Annuitant) लाई पेन्शन योजना वा एन्युइटी योजना व्यवस्था भएका अवधि वा जीवित रहेसम्म पेन्शन वा एन्युइटी भुक्तानी गर्ने ।

(ब) कम्पनीको जायजेथा, मर्मत सुधार वा दायित्व पुर्ति एवं कम्पनीको हित र सुरक्षाको लागि समेत ह्रास कोष, जगेडा कोष, जीवन बीमा कोष, मर्मत संभार कोष, कर्मचारी संचय कोष, चन्दा तथा उपहार कोष, लाभांश घटवड (Dividend Equilization Fund) कोष, मुनाफामा सरिक हुने बीमालेखवालाहरुलाई दिइने बोनसको लागि घटवड कोष (Bonus Equilization Fund) आदि खडा गर्ने र ती कोषहरुमा स्विकृत नीति नियम अर्न्तगत रकम जम्मा गर्ने ।

(भ) कम्पनीलाई बीमा शुल्क, लगानी व्याज, खुद नाफा आदिको रुपमा प्राप्त रकमहरुबाट संचालन खर्च, पुर्नबीमा खर्च र दावी भुक्तानी रकम खर्च गरि बाँकि रहेको रकम नेपाल सरकारको बचतपत्रहरु, बैंक र वित्त कम्पनीको शेयर र मुद्दती खातामा लगानी गर्ने, बीमालेखको धितोमा कर्जा प्रदान गर्ने । कम्पनीको अग्रसरतामा युनिट ट्रष्ट, म्युचुअल फण्ड, बैंक, वित्त कम्पनी, आवास व्यवस्था कम्पनीमा सहभागी हुने । बीमालेखको धितोमा बीमालेखको सर्म्पूण मुल्य (Paid-up Value) मा संस्थाले समय समयमा निर्धारण गरेको व्याज दरमा ऋण दिने ।

(म) कम्पनीको उद्देश्य परिपूर्तिको लागि आवश्यक सम्झौताहरु गर्ने ।

(य) उद्देश्य, काम कर्तव्यलाई नियमित एवं व्यवस्थित गर्न प्रचलित नेपाल कानूनको अधिनमा रहि यस कम्पनीको लागि आवश्यक नियम, विनियम, स्किम तथा अन्य व्यवस्थाहरु बनाई लागू गर्ने ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा): सन लाइफ क्यापिटल लिमिटेड ।**

सन लाइफ क्यापिटल लिमिटेड मिति २०७८ भाद्र २७ गते कम्पनी ऐन, २०६३ अनुसार कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भएको एक पब्लिक लिमिटेड कम्पनी हो । मिति २०७८/०९/२१ मा नेपाल धितोपत्र बोर्ड समक्ष इजाजतपत्र पाऊँ भनि निवेदन पेश गरिएकोमा मिति २०७९/०९/२४ मा नेपाल धितोपत्र बोर्डबाट आशय पत्र (Letter of Intent) प्राप्त भई आवश्यक संरचना तयार गरी नेपाल धितोपत्र बोर्डबाट मिति २०७९/११/२१ गते निरिक्षण समेत भई मिति २०८०/०१/२४ इजाजतपत्र प्राप्त गरेको छ । यस कम्पनीको मुख्य उद्देश्य भनेको लगानी व्यवस्थापन तथा धितोपत्र प्रत्याभुति आदि रहेको छ । १४ करोड रुपैंया चुक्ता पूँजी रहेको यस कम्पनीमा सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको ७५.१५ प्रतिशत अर्थात रु. १०,५२,००,००० लगानी रहेको छ । आ.व २०७८/७९ मा यस क्यापिटलले रु.३ लाखको खुद नाफा आर्जन गरेको छ ।

**(छ) अन्य विवरणहरु :**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु:** यस बीमा कम्पनीले प्रदान गर्ने मुख्य सेवामा जीवन बीमा योजनाहरु मार्फत प्रदान गर्ने विभिन्न सुविधा तथा सेवा रहेको छ ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि:** कम्पनीले जीवन बीमा सेवा प्रदान गर्न प्रचलित कानुनको अधिनमा रहि नेपाल बीमा प्राधिकरणको निर्देशन तथा मापदण्ड अनुरुप आवश्यक आन्तरिक निति तथा नियमहरु बनाई कार्यसम्पादन गर्दै आइरहेको छ । कम्पनीको बीमा व्यवसाय संचालनको लागि दर्शन टेक प्रा.लि ले विकसित गरेको iSolution Life नामक कोर इन्स्योरेन्स सफटवेयर प्रयोग गरिरहेको छ । साथै, विद्युतिय प्रणाली मार्फत बैदेशिक रोजगार म्यादी जीवन बीमा सञ्चालन हुने, अन्य जीवन बीमा योजनाको प्रस्ताव फारम भरि पेश गर्ने, आफ्नो बीमालेखको स्थिती बारे जानकारी लिने, गुनासो सुनुवाई हुने जस्ता व्यवस्था गरिएको छ । यसैगरी विद्युतिय कारोवारमा बढोत्तरी गर्न विभिन्न भुक्तानी सेवा प्रदायक संस्थाहरु जस्तो इसेवा, कनेक्ट आइपिएस आदि सँग सहकार्य गरिएको छ जसवाट सरोकारवालाले/सँग डिजिटल माध्यमबाट सहज रुपमा भुक्तानीको आदनप्रदान कार्य भैरहेको छ । यसरी माथि उल्लेखित प्रविधिबाट कारोवार जन्य अभिलेख प्रणाली दुरुस्त भई आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउन सहयोग पुगेको छ । भविष्यमा यस कार्यलाई अझ परिष्कृत वनाउन फिनटेक प्रविधिमा क्रमश स्तरोन्नति गर्दै आफ्ना सेवाहरुलाई प्रविधि मैत्रि बनाउने लक्ष्य रहेको छ ।

(३) **कुनै ब्राण्डनेम, प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार**: सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र**: नेपालको जीवन बीमा बजारमा यस कम्पनीले आफ्नो २९ वटा शाखा कार्यालयहरु तथा १६१ उपशाखा कार्यालयहरुबाट देशभर आफ्नो सेवा प्रदान गरिरहेको छ ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना**: नेपालको बीमा क्षेत्रको दायरा तथा बीमितहरुको आवश्यकता हेरी विभिन्न सृजनात्मक जिवन बीमा योजनाहरु क्रमिक रुपमा विकास गर्दै लैजाने योजना रहेको छ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका**: जिवन विमा योजना आम सर्वसाधारणले छनौट/उपभोग गर्न सक्ने गरि विकसित गरिएको हूँदा नेपालभर यस कम्पनीको बजार रहेको छ। बीमा योजनामा फरक फरक आवश्यकता/योजना/लाभ रहने हुँदा आम मानिसहरुले आफुलाई उपयुक्त हुने किसिमको विमा योजना माग गर्न वा छनौट गर्न सक्ने छन् । यस कम्पनीले नेपालभर प्रदेश कार्यलय मातहत रहने गरि आफ्नो २९ वटा शाखा कार्यालयहरु तथा १६१ वटा उपशाखा कार्यालयहरुबाट देशभर विमा योजना विक्रि वितरण कार्य गर्दै आएको छ । यस कम्पनीको बजार विस्तार गरि विमा योजना विक्रि वितरण गर्न करिव ३० हजार जिवन विमा अभिकर्ता देशभर क्रियाशिल रहेका छन् ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति**: यस कम्पनी जिवन विमा सँग सम्वन्धित सेवामुलक व्यवसाय भएकोले लागु नहुने ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता**: यस कम्पनी जिवन विमा सँग सम्वन्धित सेवामुलक व्यवसाय भएकोले लागु नहुने ।

(९) **गुण नियन्त्रणको लागि गरिएको**: कम्पनीले आफ्नो गुण नियन्त्रणको लागि ग्राहक पहिचान सम्बन्धि विद्यमान व्यवस्था तथा मापदण्डको परिपालना गर्दै प्रस्तावित बीमितको आवश्यकता अनुसार स्वास्थ्य परिक्षण गर्ने, ग्राहक पहिचान गर्ने, उचित जोखिमाङ्कन गर्ने आदि कार्य गर्दै आएको छ । साथै नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम कम्पनीको जोखिम मुल्याङ्कन गर्दै जोखिम व्यवस्थापनको लागि उचित प्रविधि तथा जनशक्तिहरुको विस्तार गर्दै लगेको छ ।

(१०) **अनुसन्धान तथा विकास**: बीमा योजना/बीमा व्यवस्थापन र वितरण सम्बन्धमा अनुसन्धान गरी उपर्युक्त बीमा योजना विकास गर्ने, प्रचलनमा ल्याउने, सुधार गर्दै जाने ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान**: सो नभएको ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण**: सो नभएको ।

(१३) **बजार प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति**: बीमा बजार नियमित तथा प्रतिस्पर्धि छ । यस इन्स्योरेन्स कम्पनीले बीमा व्यवसाय संचालन गरी छोटो अवधिमा प्रभावकारी सेवा प्रदायकको रुपमा आफूलाई स्थापित गर्न सफल भएको छ ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण)**: सो नभएको ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण**: सो नभएको

## ख. सम्पत्तिको विवरण:

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था:**

यस इन्स्योरेन्स कम्पनीको आ.ब. २०७८/७९ सम्मको सम्पत्तिको अवस्था तल उल्लेख गरिए बमोजिम रहेको छ ।

| विवरण | शुरु मौज्दात | परल मोल | | | ह्रास कट्टी | | | | खुद मोल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | यस वर्ष थपेको | यस वर्ष घटेको | जम्मा | गत वर्षसम्म | यस वर्ष | बिक्री समायोजन | जम्मा | यस वर्षसम्मको | गत वर्षसम्मको |
| फ्रि होल्ड जमिन | - | | | - | - | | | - | - | - |
| भवन | - | | | - | - | | | - | - | - |
| फर्निचर तथा फिक्स्चर्स | १७,५९४,३९०।२५ | ४,१८०,७७८ | १८२,२३४ | २१,५९२,९३४।२५ | ७,१८४,३३५।८४ | २,२७९,२६२।८१ | | ९,४६३,५९८।६५ | १२,१२९,३३५।६० | १०,४१०,०५४।४१ |
| कार्यालय सामान | ४,०९६,२०३।६० | ६५८,९१६।०० | - | ४,७५५,११९।६० | १,८७९,७६६।०० | ४९९,४१६।०३ | | २,३७९,१८२।०३ | २,३७५,९३७।५७ | २,२१६,४३७।६० |
| कम्प्यूटर तथा सुचना प्रविधी उपकरण | ११,९२०,७१३।८५ | ४,५०८,८३९ | २३,००० | १६,४०६,५५२।८५ | ४,२२९,६५४।९० | १,७०२,३२९।२५ | | ५,९३१,९८४।१५ | १०,४७४,५६८।७० | ७,६९१,०५८।९५ |
| अदृश्य सम्पत्ति (सफ्टवेयर) | ३,६००,०००।०० | - | - | ३,६००,०००।०० | २,३४३,९४५।०० | २८९,३४४।३८ | | २,६३३,२८९।३८ | ९६६,७१०।६२ | १,२५६,०५५।०० |
| सवारी साधन | २६,४९८,४९३।७५ | ३,९००,०००।०० | १७७,६१६ | ३०,२२०,८७७।७५ | १७,४११,७१५।०० | ५,९२८,४०७।९१ | | २३,३४०,१२२।९१ | ६,८८०,७५४।८४ | ९,०८६,७७८।७५ |
| लिज होल्ड सम्पत्ति | - | ४३,९७९,७९३।०० | | ४३,९७९,७९३।०० | - | ६,१५६,७७३।०० | | - | ६,१५६,७७३।०० | - |
| अन्य | - | | | - | - | | | - | - | - |
| **जम्मा** | ६३,७०९,८०१।४५ | ५७,२२८,३२६।०० | ३८२,८५०।०० | १२०,५५५,२७७।४५ | ३३,०४९,४१६।७४ | १६,८५५,५३३।३८ | - | ६,१५६,७७३।०० | ३७,८२३,०२०।०० | ३०,६६०,३८४।७१ |
| निर्माणाधिन पूँजीगत खर्च | - | - | - | - | - | - | - | - | - | - |
| **कूल** | ६३,७०९,८०१।४५ | ५७,२२८,३२६।०० | - | १२०,५५५,२७७।४५ | ३३,०४९,४१६।७४ | १६,८५५,५३३।३८ | - | ४९,९०४,९५०।१२ | ७०,६५०,३२७।३३ | ३०,६६०,३८४।७१ |

**यहाँ उल्लेखित जम्मा खुद मोल कोलम अन्तर्गतको रकम अदृश्य सम्पत्ति (सफ्टवेयर) सहितको मुल्य हो । वित्तीय विवरणमा उक्त अदृश्य सम्पत्ति (सफ्टवेयर) लाई छुटै शिर्षक "अदृष्य सम्पत्ति" मा देखाइएको छ ।*

**माथि उल्लेखित सम्पत्तिहरु चालु अवस्थामा रहेका तथा उक्त सम्पत्तिहरु यस कम्पनीको मुख्य कार्यालय तथा शाखा/उपशाखा कार्यालयहरुमा रहेका छन् र उक्त सम्पत्तिहरुको इन्स्योरेन्स गरिएको छ ।*

**(ख) बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नु पर्ने):**

कम्पनीको माथि उल्लेखित सम्पत्तिहरु मध्ये "लिज होल्ड सम्पत्ति" शिर्षकमा देखाइएको सम्पत्ति बाहेक अन्य सम्पत्ति आफ्नै सम्पत्ति भएको ।

NFRS 16 Lease को प्रयोजनका निमित्त कम्पनीका विभिन्न शाखाहरुको घरभाडाको उक्त नियम अनुसार लेखाङ्कन गर्दा लिज होल्ड सम्पत्ति उत्पन्न हुन गएको हो । उक्त घरभाडा सम्झौताहरुको सम्झौता अवधि १० वर्ष रहेको छ । विभिन्न शाखाहरुको घरभाडा सम्झौताको मिति निम्न बमोजिम रहेको छ ।

| शाखा | सम्झौता शुरु मिति | सम्झौता समाप्ति मिति |
|---|---|---|
| विर्तामोड शाखा | ५/१५/२०१९ | ५/१३/२०२९ |
| विरगंज शाखा | १/१५/२०१८ | १/१३/२०२८ |
| काठमाण्डौ शाखा | ८/१७/२०१७ | ८/१५/२०२७ |
| नारायणघाट शाखा | ५/१५/२०२२ | ५/१३/२०२९ |
| भक्तपुर शाखा | १२/१/२०१७ | ११/२९/२०२७ |
| वुटवल शाखा | ११/१७/२०२१ | ११/१५/२०३१ |
| धनगढि शाखा | ८/१७/२०१८ | ८/१४/२०२८ |
| कर्पोरेट कार्यालय, सिम्खडा प्लाजा, पुतलीसडक | १२/१६/२०२२ | १२/१६/२०३२ |

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण**: सो नभएको ।

**(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण**:
यस इन्स्योरेन्स कम्पनीको सम्पत्ति पुर्नमूल्याङ्कन नगरिएको हुँदा किताबी मूल्य र बजार मूल्य बीच फरक नभएको ।

**(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण**: नेपाल लेखामान १६ "Property, Plant and Equipment" बमोजिम परल मोल नियमअनुसार गर्नुपर्ने ह्रासकट्टी गरी बाँकी रहेको वास्तविक सम्पत्तिलाई किताबी मुल्यको आधारमा सम्पत्तिको रुपमा लेखाङ्कन गरिएको छ ।

### ग. भावी योजना तथा रणनीति:

**(क) व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति** :
कम्पनीले हाल विद्यमान रहेका आफ्ना २९ वटा शाखा तथा १६१ उपशाखा मार्फत हाल प्रदान गरिरहेको सेवाको गुणस्तर समय सापेक्ष रुपमा सुधार गरी बीमितलाई जीवन बीमा सेवा उपलब्ध गराउने । तत्कालिन बीमा समिति हाल नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम कम्पनीले चुक्ता पूँजी वृद्धि गरी कम्पनीको पूँजीको संरचनालाई मजबुत बनाउने उद्देश्य रहेको छ । साथै, आगामी दिनहरुमा यस कम्पनीले आफ्नो व्यवसाय/सेवा वृद्धिका लागि चालिने समयवद्ध रणनीति निम्नानुसार छन् ।

१. बीमा गरिएको व्यक्तिहरुलाई दावी भुक्तानी लगायतका सेवाहरु छिटो छरितो रुपमा सरल र सहज ढंगले उपलब्ध गराउने ।
२. भविष्यमा ग्राहकहरुको माग भए बमोजिमका नयाँ सेवा सुविधाहरु आफ्ना ग्राहक वर्गमा ल्याइने ।
३. लघु बीमाको विस्तार गर्दै आम मानिसहरुलाई बीमाको दायरा भित्र पुर्याउने ।
४. जीवन बीमा सेवालाई समाजका सबै वर्गलाई समेटिने गरी उपयुक्त बीमा योजनाहरु तर्जुमा गरी गुणस्तरीय सेवा प्रदान गरिने ।
५. बीमा सम्वन्धी जनचेतना अभिबृद्धि कार्यक्रमहरुलाई स्थानीय तहमा संचालन गर्दै लैजाने ।

**बीमा बजारको विस्तार तथा सेवा वृद्धिको लागि बीमा कम्पनीले ल्याउने योजना**:

- **मानव संशाधन विकास**: जीवन बीमा व्यवसायमा दक्ष जनशक्तिको विकास गर्ने उद्देश्यले आवश्यकता तथा औचित्य अनुरुप बीमासँग सम्बन्धित विभिन्न किसिमका स्वदेशी तथा विदेशी तालिम प्रदान गर्ने । साथै, जोखिमाङ्कन, सम्पत्ति शुद्धिकरण, कर्मचारी प्रशासन, वित्त व्यवस्थापन, नेतृत्व विकास, संस्थागत सुशासन तथा कम्पनीको व्यवसाय वृद्धि गर्न आवश्यक बजारिकरण संग सम्वन्धीत आन्तरिक तालिमहरु दिने क्रमलाई आगामी आर्थिक वर्षहरुमा पनि निरन्तरता दिइनेछ ।
- **शाखा कार्यालय विस्तार**: कम्पनीले आफ्नो शाखा सञ्जाललाई ७७ वटै जिल्लाहरुमा पुऱ्याई नेपालभर हिमाल पहाडदेखि तराईसम्म साथै मेचीदेखि महाकालीसम्म आधुनिक स्तरको प्रविधियुक्त जीवन बीमा सेवा प्रदान गर्नेछ ।
  नेपाल बीमा प्राधिकरणबाट स्वीकृती लिई उच्च व्यवसायिक लक्ष्य प्राप्त गर्न उपशाखा कार्यालयहरुलाई क्रमश शाखा कार्यालयमा स्तरोन्नती गर्ने ।
- **बीमा अभिकर्ता तालिम एवम् वृत्ति विकास**: अभिकर्ताहरुले बीमा व्यवसायलाई अगाडि बढाउने कुरा ध्यानमा राखी बढीभन्दा बढी अभिकर्ताहरु उत्पादन गर्ने लक्ष्य लिई अभिकर्ताहरुलाई दक्ष प्रशिक्षकको माध्यमबाट तालिम प्रदान गर्नेछ । अभिकर्ताहरुको वृत्ति विकास गराउने, जनमानसमा बीमा प्रतिको जागरण गराउने तथा नयाँ व्यक्तिलाई अभिकर्ताको रुपमा अघि बढाउन आगामी वर्षहरुमा पनि तालिम प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- **संस्थागत सुशासन**: नेपाल बीमा प्राधिकरणबाट जारी हुने नीति, निर्देशन, परिपत्र, कम्पनी ऐन र धितोपत्र ऐनमा भएका कानून व्यवस्थाहरुको पूर्ण रुपमा पालना गरी संस्थागत सुशासन कायम राख्न कम्पनी सदैव प्रतिवद्ध रहनेछ । साथै, संस्थाका सञ्चालक र कर्मचारीहरुलाई समेत संस्थागत सुशासन सम्बन्धमा आगामी वर्षहरुमा पनि अभिमुखिकरण तथा तालिम प्रदान गरिनेछ ।
- **बीमामैत्री सूचना प्रविधि**: सूचना प्रविधिको द्रुततर विकासले बीमा क्षेत्रमा असीमित सम्भावनाहरू सिर्जना गर्नुका साथै उत्तिकै मात्रामा चुनौतीहरू समेत थपेको छ । यस कुरालाई ध्यानमा राखी आगामी दिनमा उपलब्ध प्रविधिको अधिकतम सदुपयोग गर्दै बीमाका सम्पूर्ण ग्राहकहरूलाई थप सुरक्षित तथा अत्याधुनिक सेवा सुविधा उपलब्ध गराउनेतर्फ उन्मुख रहने छ ।
- **प्रविधिमैत्रि नविनतम जीवन बीमा योजना**: जीवन बीमा क्षेत्रमा स्तरिय सेवा पुऱ्याउने उद्देश्यले "सबैको लागि सुरक्षा, शिक्षा र समृद्धी" भन्ने मूल नाराका साथ १७ विविध जीवन बीमालेख योजना मार्फत ग्राहकहरुलाई सेवा प्रदान गरिआएकोमा यस आर्थिक वर्षभित्रमा प्रविधिमैत्री बीमा वितरण गर्ने तथा विद्युतीय माध्यमबाट बीमा वितरण कार्य संचालन गर्ने । कम्पनीले उक्त उद्देश्य अनुरुप आ.व. २०७९/८० देखी नै अनलाइन बीमा जारी गर्ने कार्य गरी सकेको तथा कम्पनीले आगामी ५ बर्ष भित्र डिजिटल प्रकृयाबाट आम सर्वसाधारणमा जिवन बीमा सेवाको पहुँच कायम गर्ने लक्ष्य लिएको छ ।
- नेपाल बीमा प्राधिकरणको नियमको अधिनमा रहि निरन्तर रुपमा उच्च तथा सुरक्षित प्रतिफल प्रदान गर्ने क्षेत्रहरुमा लगानी गरी कम्पनीको औषत आयको दर बृद्धि गर्दै लैजाने जसको फलस्वरुप बीमित तथा लगानीकर्ताहरुलाई प्रदान गर्न सकिने प्रतिफल बृद्धि गर्दै लैजाने ।
- लघु बीमाको विस्तार गर्दै आ.व. २०८१/८२ भित्र बीमाको दायरा आम मानिसहरु समक्ष पुर्याउने ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितीको आधारमा संगठित संस्थाको व्यवसायको भविष्यः**

हाल नेपालको बीमा बजारमा जीवन बीमातर्फ १५ वटा जीवन बीमा कम्पनीहरु सञ्चालनमा रहेकोमा बीमा शुल्क, चुक्ता पूँजी, मूनाफा तथा जगेडाको आधारमा यस कम्पनीले प्रतिस्पर्धी बीच छुट्टै पहिचान बनाउन सफल भएको छ । एकातिर देशको बीमा बजार अत्यन्त प्रतिस्पर्धात्मक छ भने अर्कोतर्फ राष्ट्रिय तथा अर्न्तराष्ट्रिय परिस्थितिले देशको आर्थिक क्रियाकलापमा संकुचन हुँदा यस क्षेत्रमा समेत प्रभाव परेको अवस्था छ । सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड २०६४/०६/२९ मा पब्लिक लिमिटेड कम्पनीको रुपमा स्थापना भई बीमा समिति(हाल नेपाल बीमा प्राधिकरण) बाट मिति २०७४/०४/१८ मा जीवन बीमा व्यवसाय गर्ने दर्ता प्रमाणपत्र प्राप्त गरी सोही आर्थिक बर्षको आश्विन ६ गतेबाट जीवन बीमा व्यवसाय कारोवारको सञ्चालन गर्दै आएको छ । यस कम्पनीले धेरै भन्दा धेरै जीवन बीमा सेवा प्रवाह गर्न “सन लाइफ छ जहाँ जीवन बीमा छ त्यहाँ” भन्ने नारा सहित उत्कृष्ट जीवन बीमा सेवा प्रदायकको रुपमा स्थापित हुने लक्ष्य लिएको छ । कम्पनीको व्यवसायको भविष्य सुनिश्चित हुने केही आधारहरुमा कम्पनीले हालसम्म गरेको व्यवसायिक प्रगति, बढ्दो बजार हिस्सा तथा सुदृढ वित्तीय परिसूचकहरुलाई लिन सकिन्छ । स्थापनाकालदेखि २०७९ चैत्र मसान्तको छोटो अवधिमा नै देशका विभिन्न जिल्लामा गरी २९ वटा शाखा तथा १६१ उपशाखा सञ्जाल विस्तार गरी कुल बीमा शुल्क रु.२,८९,७२,८२,६७७-( आ.व२०७९/८० साउन  चैत मसान्त) संकलन गरिएको, शेयरधनीहरुको कोषमा रु.८१,९२,६७,७३५।- तथा बीमितहरुको अधिनमा रहने जीवन बीमा कोषमा रु. ४,६११,८७,१४५३।- पुऱ्याउन सफल भएको छ । कम्पनीको बजार हिस्सामा क्रमिक बढोत्तरी आएको, अभिकर्ता सञ्जाल निर्माणमा वृद्धि भएको तथा नयाँ नयाँ बीमा योजनाको प्रयोग एवं अभ्यास जस्ता आधारहरुलाई समेत लिन सकिन्छ । हाल ४४.५५ प्रतिशत (नेपाल बीमा प्राधिकरणको २०७९ महिनाको Monthly Insurance Business Statistics बमोजिम) जनताको मात्र बीमामा पहुँच पुगेको स्थितिलाई दृष्टिगत गर्दा बीमा व्यवसायको भविष्य सुनिश्चित रहेको तर्फ आशावादी हुन सकिने पर्याप्त आधार देखिन्छ । बीमा शुल्क, लगानी, मुनाफा लगायत दावी फछ्र्यौट, पुर्नबीमा वापत कुशल जोखिम व्यवस्थापन, बीमा शिक्षा, कर्मचारी, बीमा अभिकर्ता तथा सरोकारवाला निकायलाई बीमा सम्बन्धी आवश्यक तालिम, नियामक निकायबाट आयोजना गरिने विभिन्न कार्यक्रम वा अध्ययन समितिमा कम्पनीका विज्ञहरुद्वारा गरिएको सवल योगदान आदिलाई विचार गर्दा पनि कम्पनी संस्थागत लक्ष्य हासिल गर्ने तर्फ केन्द्रीत रहेबाट व्यवसायिक भविष्य उपलब्धिपूर्ण हुने विश्वास रहेको छ ।

**घ. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

**संचालक समितिको संरचना, संचालकहरुको योग्यता र प्रतिनिधित्व तथा संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :**

यस इन्स्योरेन्स कम्पनीको नियमावलीको नियम २७ को उपनियम (२) मा भएको व्यवस्था अनुसार निम्नानुसार ६ (छ) जना संचालकहरु रहेको एक संचालक समिति रहेको छ ।

| | |
|---|---|
| समूह “क” का संस्थापक शेयरधनीहरु मध्येबाट | ४ जना |
| समूह “ख” का सर्वसाधारण शेयरधनीहरु मध्येबाट | १ जना |
| कम्पनी ऐन, २०६३ को दफा ८६ (३) बमोजिम नियुक्त स्वतन्त्र सञ्चालक | १ जना |
| **जम्मा** | **६ जना** |

*कम्पनीको प्रारम्भिक सार्वजनिक निष्काशन नभई सकेको हुँदा सर्वसाधारण तर्फको संचालक नियुक्ति हुन बाँकी रहेको छ ।

सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ । तर बार्षिक साधारणसभा द्वारा नियुक्त गरिएको सञ्चालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारणसभा सम्मको लागि सञ्चालक समितिले सञ्चालक नियुक्त गर्नेछ ।

**संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्थाः**

यस इन्स्योरेन्स कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार इन्स्योरेन्स कम्पनीको संचालक हुनका लागि कम्तिमा १०० (एक सय) कित्ता साधारण शेयर लिएको हुनुपर्नेछ । तर स्वतन्त्र संचालक तथा संगठित संस्थाको प्रतिनिधित्व गर्ने गरी मनोनयन गरेको संचालकको हकमा त्यस्तो संचालकले व्यक्तिगत हैसियतले त्यस्तो शेयर लिन आवश्यक हुने छैन ।

ङ. **कम्पनीको आफ्नो उद्देश्य अनुरुपको कामकारवाही अगाडी बढाउन गरेका सम्झौताहरु, विभिन्न नियामक निकायबाट प्राप्त गरेको स्वीकृती, अनुमती तथा इजाजत तथा प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनहरु:**

**(क) कम्पनीले आफ्नो उद्देश्य अनुरुपको कामकारवाही अगाडी बढाउने सन्दर्भमा हालसम्म गरेका सम्झौताका विवरण:**

| क्र.स | सम्झौता भएको निकाय | सम्झौता मिति | सम्झौताको संक्षिप्त विवरण | सम्झौताको बहाल अवधि |
|---|---|---|---|---|
| १ | दर्शनटेक प्रा.लि | २०७४/०५/३१ | कम्पनीको मुख्य सफ्टवेयर, वेबसाइट तथा मोबाइल एपलिकेसन सेवा प्रदान गर्ने सम्बन्धमा । | २०८१/०५/३१ सम्म |
| २ | नेपाल रि-इन्स्योरेन्स लि. | २०७९/०४/०१ | कम्पनीको वैदेशिक रोजगार तथा लघु बीमा बाहेकका अन्य बीमा योजनाहरुमा १० प्रतिशत प्रत्यक्ष पूर्नबिमा गरिने र अर्को १० प्रतिशत हिमालय रिइन्स्योरेन्स लि. मा प्रत्यक्ष पूर्नबिमा गरेपश्चात बाँकी कम्पनीको आफ्नो रिटेन्सन् ४००,००० कट्टा गरी बाँकी रहेको सबै पूर्नबिमा नेपाल रि-इन्स्योरेन्स लि. सँग गर्ने व्यवस्था रहेको । | सम्झौता दुवै पक्षको निर्णयबाट रद्द नभएसम्म |
| ३ | हिमालय रि-इन्स्योरेन्स लि. | २०७९/०४/०१ | कम्पनीको वैदेशिक रोजगार तथा लघु बीमा बाहेकका अन्य बीमा योजनाहरुमा १० प्रतिशत प्रत्यक्ष पूर्नबिमा गरिने व्यवस्था । | सम्झौता दुवै पक्षको निर्णयबाट रद्द नभएसम्म |
| ४ | नेपाल रि-इन्स्योरेन्स लि. | २०७९/०४/०१ | बैदेशिक रोजगार बीमा अर्न्तगत कोटा शेयरमा ४० प्रतिशत पूर्नबिमा गर्ने व्यवस्था । | सम्झौता दुवै पक्षको निर्णयबाट रद्द नभएसम्म |
| ५ | हिमालय रि-इन्स्योरेन्स लि. | २०७९/०४/०१ | बैदेशिक रोजगार बीमा अर्न्तगत कोटा शेयरमा २० प्रतिशत पूर्नबिमा गर्ने व्यवस्था । | सम्झौता दुवै पक्षको निर्णयबाट रद्द नभएसम्म |
| ६ | एक्सिस् वर्ल्ड टेक प्रा.लि | २०७९/०६/०६ | क्लाउड सर्भर होस्टिङ तथा इमेल होस्टिङ सेवा प्रदान गर्ने सम्बन्धमा । | २०८०/०६/०५ सम्म |
| ७ | केशव सिम्खडा तथा कृष्ण प्रसाद सिम्खडा | २०७९/०९/०१ | कम्पनीको कर्पोरेट कार्यालय वडा नं २९ सिम्खडा प्लाजा पुतलीसडकमा स्थानान्तरण गरिएकोमा कुल क्षेत्रफल ७१३० वर्ग फिट भाडामा लिइएको छ । | २०८९/०८/३१ सम्म |

**(ख). विभिन्न नियामक निकायबाट हालसम्म प्राप्त गरेको स्विकृती/अनुमति/इजाजतपत्रको विवरण:**

**इजाजतपत्र सम्बन्धी विवरण:**

| क्र.स | नियमक निकाय | इजाजत पत्र प्राप्त मिति | इजाजतपत्रको संक्षिप्त विवरण | इजाजतपत्रको बहाल अवधि |
|---|---|---|---|---|
| १ | नेपाल बीमा प्राधिकरण | २०७४/०४/१८ | बीमा ऐन,२०४९(हाल बीमा ऐन, २०७९) को अधिनमा रहि जीवन बीमा व्यवसायीको रुपमा आजीवन, सावधिक तथा म्यादी जीवन बीमा व्यवसाय गर्ने स्विकृती स्वरुप बीमकको प्रमाण पत्र प्रदान गरिएको । | निरन्तर |
| २ | कम्पनी रजिष्टारको कार्यालय | २०६४/०६/२९ | कम्पनी ऐन २०६३ को अधिनमा रही पब्लिक लिमिटेड कम्पनीको रुपमा कार्य गर्न कम्पनी दर्ता स्विकृती गरी कम्पनी दर्ता प्रमाणपत्र प्रदान गरिएको । | निरन्तर |
| ३ | आन्तरिक राजस्व विभाग | २०७४/०२/०८ | आयकर ऐन २०५८ को अधिनमा रही बीमा दलालहरु तथा अन्य बीमा सेवाहरुको व्यवसायीक कारोबार गर्ने गरी दर्ता भएको पब्लिक लिमिटेड करदाता किसिममा दर्ता गरिएको प्रमाणपत्र प्रदान गरिएको । | निरन्तर |

**अनुमतिपत्र सम्बन्धी विवरण**

| क्र.स | नियमक निकाय | अनुमति पत्र प्राप्त मिति | अनुमतिपत्रको संक्षिप्त विवरण | इजाजतपत्रको बहाल अवधि |
|---|---|---|---|---|
| १. | नेपाल बीमा प्राधिकरण | २०७९/१०/२९ | नेपाल बीमा प्राधिकरणबाट धितोपत्र नियमावलीको अधिनमा रहि अंकित मुल्यमा प्रिमियम मुल्य थप गरी शेयर निष्काशन गर्न अनुमति प्राप्त । | प्रिमियममा शेयर जारी हुँदासम्म |
| २ | कम्पनी रजिष्ट्रार कार्यालय | २०७९/११/१५ | कम्पनी रजिष्ट्रारको कार्यालयबाट धितोपत्र नियमावलीको अधिनमा रहि प्रिमियम मुल्य थप गरी शेयर धितोपत्र निष्काशन गर्न अनुमति प्राप्त । | प्रिमियममा शेयर जारी हुँदासम्म |

(ग) प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधन सम्बन्धी विवरणः

**नियमावलीमा भएको संशोधन**

| क्र.सं. | संशोधनको विषय | सम्बन्धित दफा | संशोधन स्विकृत भएको संचालक समिति को निर्णय नम्बर र मिति | संशोधन स्विकृत भएको साधारण सभाको निर्णय नम्बर र मिति |
|---|---|---|---|---|
| १ | नियम २ मा रहेको "वडा नं. १४ कुलेश्वरमा रहने छ" भन्ने शब्दहरुको सट्टा "वडा नं. १ कमलादीमा" रहने छ भन्ने शब्दहरु राखिएको छ । | नियम २ | २०७४/१०/०७ (एजेन्डा नं २) | २०७४/११/०४ (प्रथम वार्षिक साधारण सभा) |
| २ | नियम (३) को खण्ड (ध) झिकिएको छ । | नियम ३ | २०७४/१०/०७ (एजेन्डा नं २) | २०७४/११/०४ (प्रथम वार्षिक साधारण सभा) |
| ३ | नियम २७ को उपनियम (२) मा रहेको "यस कम्पनीमा ७ (सात) जनाको सञ्चालक समिति रहने छ ।" भन्ने वाक्यांशको सट्टा "यस कम्पनीमा ६ (छ) जनाको सञ्चालक समिति रहने छ ।" भन्ने वाक्याशं राखिएको छ । | नियम २७ | २०७४/१०/०७ (एजेन्डा नं. २) | २०७४/११/०४ (प्रथम वार्षिक साधारण सभा) |
| ४ | नियम २९ को उपनियम (२) मा रहेको व्यवस्थाको सट्टा देहाय अनुसार गरिएको छ । "सञ्चालक समितिले कानून वमोजिम योग्यता पुरा गरेका व्यक्तिहरुमध्येबाट स्वतन्त्र र व्यवसायीक सञ्चालकहरुको नियुक्ति गर्न सक्नेछ र सो को नियुक्ति साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।" | नियम २९ | २०७४/१०/०७ (एजेन्डा नं २) | २०७४/११/०४ (प्रथम वार्षिक साधारण सभा) |
| ६ | नियम ३१ को उपनियम (२) मा रहेको "समूह ख सर्वसाधारण शेयरधनी मध्येबाट दुई जना "भन्ने वाक्याशंको सट्टा "समूह ख सर्वसाधारण शेयरधनि मध्येबाट एक जना" भन्ने वाक्याशं राखिएको छ । | नियम ३१ | २०७४/१०/०७ (एजेन्डा नं २) | २०७४/११/०४ (प्रथम वार्षिक साधारण सभा) |
| ७ | नियमावलीको नियम (२) मा रहेको "वडा नं २९ पुतलीसडक रहनेछ" भन्ने शब्दहरु राखिएको छ । | नियम २ | २०७९/१२/२८ (एजेन्डा नं २) | २०७९/१२/२९ (छैटौं वार्षिक साधारण सभा) |

**प्रबन्धपत्रमा भएको संशोधन**

| क्र.सं. | संशोधनको विषय | सम्बन्धित दफा | संशोधन स्वीकृत भएको संचालक समितिको निर्णय नम्बर र मिति | संशोधन स्वीकृत भएको साधारण सभाको निर्णय नम्बर र मिति |
|---|---|---|---|---|
| १ | दफा २ मा रहेको "वडा नं. १४ कुलेश्वरमा रहने छ" भन्ने शब्दहरुको सट्टा "वडा नं. १ कमलादीमा" रहनेछ भन्ने शब्दहरु राखिएको छ । | दफा २ मा संशोधन | २०७४/१०/०७ (एजेन्डा नं २) | २०७४/११/०४ (प्रथम वार्षिक साधारण सभा) |
| २ | दफा ६ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) कायम गरिएको छ । (ग) कम्पनीको संस्थापक शेयरधनीहरुले तत्काल चुक्ता गर्न कबोल गरेको पूँजी रु.१,४०,००,००,०००/- (अक्षरुपी एक अर्ब चालिस करोड) हुनेछ । | दफा ६ मा संशोधन | २०७३/१२/१७ (एजेन्डा नं २) | २०७४/११/०४ (प्रथम वार्षिक साधारण सभा) |
| ४ | क)यस कम्पनीको अधिकृत पूँजी रु.२,००,००,००,०००/- (अक्षरुपी दुई अर्ब) हुनेछ । जुन प्रति शेयर रु.१००/- का दरले २,००,००,००० साधारण शेयरमा विभाजन गरिएको छ ।<br>ख)कम्पनीको हाल जारी पूँजी रु.२,००,००,००,०००/- (अक्षरुपी दुई अर्ब) हुनेछ । जुन प्रति शेयर रु.१००/- का दरले २,००,००,००० साधारण शेयरमा विभाजन गरिएको छ । | दफा (६) | २०७३/१२/१७ (एजेन्डा नं २) | २०७३/१२/१७ (दोस्रो विशेष साधारण सभा) |
| ५ | दफा ६ को (ङ) कम्पनीको शेयर पूँजीको समूहगत वर्गिकरण देहाय अनुसार हुनेछ । कम्पनीको जारी पूँजी मध्ये ७० प्रतिशत संस्थापक (क) समूहको ३० प्रतिशत सर्वसाधारण शेयरधनीको (ख) समूहलाई वितरणको लागि छुट्टयाईएको छ र उक्त सर्वसाधारण (ख) लाई छुट्टयाईएको शेयर मध्येबाट ५ (पाँच) प्रतिशत सम्म शेयर कम्पनीका कर्मचारीहरुको लागि छुट्टयाईएको छ । | दफा (६) (ङ) | २०७४/०१/१५ (एजेन्डा नं २) | २०७४/०१/१५ (तेस्रो विशेष साधारण सभा) |
| ६ | क) यस कम्पनीको अधिकृत पूँजी रु.५,००,००,००,०००/-(अक्षरुपी पाँच अर्ब) हुनेछ । जुन प्रति शेयर रु.१००/- का दरले ५,००,००,००० साधारण शेयरहरुमा विभाजन गरिएको छ ।<br>ख) कम्पनीको हाल जारी पूँजी रु.५,००,००,००,०००/-(अक्षरुपी पाँच अर्ब) हुनेछ । जुन प्रति शेयर रु.१००/- का दरले ५,००,००,००० साधारण शेयरहरुमा विभाजन गरिएको छ । | दफा (६) | २०७९/०१/०८ (एजेन्डा नं २) | २०७९/०१/०९ (चौथो वार्षिक साधारण सभा) |

## ग.४. पूँजी संरचना सम्बन्धी जानकारी :

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण:**

**अधिकृत पूँजी:** यस कम्पनीको अधिकृत पूँजी रु. ५,००,००,००,०००/- (अक्षरुपी पाँच अर्ब मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- दरले ५,००,००,०००/- (पाँच करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**जारी पूँजी:** यस कम्पनीको जारी पूँजी ५,००,००,००,०००/- (अक्षरुपी पाँच अर्ब मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- दरले ५,००,००,०००/- (पाँच करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ। नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम जारी पूँजी २०७९ चैत मसान्तसम्म सम्म पाँच अर्ब पुऱ्याउनु पर्ने व्यवस्था बमोजिम जारी पूँजी वृद्धि गर्न धितोपत्र निष्काशनको लागि जारी पूँजी तीन अर्ब बीस करोड रहेको छ ।

**चुक्ता पूँजी:** यस कम्पनीको तत्काल चुक्ता पूँजी २,२४,००,००,०००/- (अक्षरुपी दुई अर्ब चौबिस करोड रुपैया मात्र) रहेको छ। जसलाई प्रति शेयर रु.१००/- दरले २,२४,००,००० (दुई करोड चौबिस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ। यस विवरणपत्र मार्फत प्रारम्भिक सार्वजनिक निष्काशन (इनिशियल पब्लिक अफरिङ्ग) गरी साधारण शेयरको बाँडफाँड गरे पश्चात कम्पनीको चुक्ता पूँजी ३,२०,००,००,०००/- (अक्षरुपी तीन अर्ब बिस करोड रुपैया) हुनेछ ।

**(ख) कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवर्तन भएको छ ।**

| विवरण | २०७७/०७८ | २०७८/०७९ | चैत्र मसान्त, २०७९ |
|---|---|---|---|
| अधिकृत पूँजी (रु.) | २,००,००,००,०००/- | ५,००,००,००,०००/- | ५,००,००,००,०००/- |
| जारी पूँजी (रु.) | २,००,००,००,०००/- | ५,००,००,००,०००/- | ५,००,००,००,०००/- |
| चुक्ता पूँजी (रु.)८ | १,४०,००,००,०००/- | १,४०,००,००,०००/- | २,२४,००,००,०००/- |

* कम्पनीको आ.व २०७८/२०७९ सम्मको चुक्ता पूँजी १ अर्ब ४० करोड रहेकोमा कम्पनीले आ.व २०७८/७९ को अन्त्य सम्ममा अग्रिम शेयर पूँजी वापत (कल्स इन एडभान्स) रु. २१ करोड ५२ लाख ९० हजार रकम हाल कायम रहेको संस्थापकबाट असुल गरिएको थियो । तथापी आ.व २०७९/०८० मा संस्थापकहरु बाटै २ अर्ब २४ करोड चुक्ता पुँजी कायम भईसकेको छ ।

**(ग) प्रारम्भिक सार्वजनिक निष्काशन (इनिशियल पब्लिक अफरिङ्ग) गर्नुपुर्व संस्थाको चुक्ता पूँजीको संरचना (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप):**

**प्रारम्भिक सार्वजनिक निष्काशन (इनिशियल पब्लिक अफरिङ्ग) गर्नु पुर्व संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ:**

| समूह | शेयरधनी | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक शेयरधनीहरु | २,२४,००,००० | १००% | २,२४,००,००,०००/- | शतप्रतिशत |
| | **जम्मा** | **२,२४,००,०००** | **१००%** | **२,२४,००,००,०००/-** | |

**(घ) प्राथमिक शेयरको निष्काशन (इनिशियल पब्लिक अफरिङ्ग) पश्चात संस्थाको चुक्ता पूँजीको संरचना:**

**प्रारम्भिक सार्वजनिक निष्काशन (इनिशियल पब्लिक अफरिङ्ग) गरी बाँडफाँड गरे पश्चात संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ:**

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक शेयरधनीहरु | २,२४,००,००० | ७०% | २,२४,००,००,०००/- | शतप्रतिशत |
| (ख) | सर्वसाधारण शेयरधनीहरु | ९६,००,००० | ३०% | ९६,००,००,०००/- | शतप्रतिशत |
| | **जम्मा** | **३,२०,००,०००** | **१००%** | **३,२०,००,००,०००/-** | **शतप्रतिशत** |

**(ङ) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात) :**

यस संगठित संस्थाको शेयर प्रिमियम खाता सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

शेयर प्रिमियम खाता (निष्काशन पुर्व) : सो नभएको

शेयर प्रिमियम खाता (निष्काशन पश्चात) : रु.१.२६७ अर्ब

**ग.५ संस्थापक/ संचालक सम्बन्धी जानकारी:**

**क. संस्थापक/संचालकको पृष्ठभूमी**

**(अ) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव:**

**आधारभुत शेयरधनीहरुको विवरण**

| क्र. सं. | नाम र ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शेयर स्वामित्व (प्रतिशत) | शैक्षिक योग्यता | अनुभव | प्रस्तावित व्यापार र व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री ओम चाओविरो फिड इण्डष्ट्रिज प्रा.लि. लिपनिमाल-८, बारा | सञ्चालक | लागू नहुने | लागू नहुने | २४,००,००० | १०.७१ | लागू नहुने | कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४/०४/१० मा कम्पनी रजिष्ट्रारको कार्यलयमा दर्ता भई तथा २०६४/०७/१८ मा उद्योग विभागबाट इजाजतपत्र प्राप्त यस कम्पनी कुखुराको दाना उत्पादन गर्ने तथा कम्पनीको नामबाट शेयर खरिद विक्री गर्ने मूल उद्देश्य लिई स्थापित यस कम्पनीले २०६४/४/१० गते देखि २०७९ साल सम्म १५ वर्षको निरन्तर व्यवसायिक कार्य गर्दै आएको अनुभव रहेको छ। यस कम्पनीको कम्पनी रजिष्ट्रारको कार्यलयमा दर्ता नम्बर ४७०३१/०६४-०६५ तथा उद्योग दर्ता नम्बर २५३/७३ रहेको छ । यस कम्पनीको स्थायी लेखा नम्बर ३०२६६१६८६ रहेको छ। यस कम्पनीको मुख्य संचालक नारायण रुङ्टा रहनु भएको छ। | १. संस्थापक-सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. |
| २ | श्री रोशन के.सी पोखरा-७, कास्की | प्रवर्द्धक | ४० | नेपाली | १७,६०,००० | ७.८७ | स्नातकोत्तर | १.संचालक-माछापूच्छ्रे बैंक लि.<br>२.संचालक-सिक्लेस हाड्रोपावर प्रा.लि<br>३.प्रबन्धक संचालक -के.सी कन्स्ट्रक्शन प्रा.लि | १.संचालक-सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. |
| ३ | श्री कालिका इन्भेष्टमेन्ट प्रा.लि वीरगंज-१३, पर्सा | प्रवर्द्धक | लागू नहुने | लागू नहुने | ९,००,००० | ४.०२ | लागू नहुने | कम्पनी ऐन, २०६३ बमोजिम मिति:२०६४/११/१९ मा स्थापित यस कम्पनीको रजिस्टर्ड कार्यालय काठमाडौं महानगरपालिका वडा नम्बर १० मा रहेको छ। लगानी तथा व्यवसाय संचालन सम्बन्धि परामर्श दिने उद्देश्यले स्थापना भएको प्राइभेट तथा कम्पनीको नामबाट प्राइभेट तथा पब्लिक कम्पनीको धितोपत्र खरिद विक्री गर्ने मूल उद्देश्य लिई स्थापित यस कम्पनीले २०६४/ ११/१९ गते देखि २०७९ सम्म निरन्तर कार्य गर्दै आएको अनुभव रहेको छ। यस कम्पनीको दर्ता नम्बर ५२०७२/०६४/०६५ रहेको छ। यस कम्पनीको स्थायी लेखा नम्बर ३०३२०२४३१ रहेको छ। यस कम्पनीको मुख्य संचालक सत्यनारायण क्याल रहनु भएको छ। | १. संस्थापक-सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. |
| ४ | वाग्मती इंक प्रा.लि. काठमाडौं-१४, काठमाडौं | प्रवर्द्धक | लागू नहुने | लागू नहुने | ७,००,००० | ३.१३ | लागू नहुने | कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४/०१/१५ मा स्थापित यस कम्पनीको रजिस्टर्ड कार्यालय काठमाडौं महानगरपालिका वडा नम्बर १४ मा रहेको छ। लगानी तथा व्यवसाय संचालन सम्बन्धि परामर्श तथा कम्पनीको नामबाट प्राइभेट तथा पब्लिक कम्पनीको शेयर खरिद विक्री गर्ने मूल उद्देश्य लिई स्थापित यस कम्पनीले २०७४/०१/१५ गते देखि २०७९ सम्म ६ वर्षको निरन्तर कार्य गर्दै आएको अनुभव रहेको छ। यस कम्पनीको दर्ता नम्बर १६७६८९/७३/०७४ रहेको छ । यस कम्पनीको संचालकमा अर्पित अग्रवाल, नीलम अग्रवाल, रोहित मुरारका रहनु भएको छ। | १. संस्थापक-सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. |

| क्र.सं. | नाम र ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शेयर स्वामित्व (प्रतिशत) | शैक्षिक योग्यता | अनुभव | प्रस्तावित व्यापार र व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | हार्भेष्ट इन्भेष्टमेन्ट प्रा.लि.<br>ज्ञानेश्वर, काठमाडौं | प्रवर्द्धक | लागू नहुने | लागू नहुने | ७,००,००० | ३.१३ | लागू नहुने | कम्पनी ऐन, २०६३ बमोजिम मिति:२०७४/०१/१३ मा स्थापित यस कम्पनीको रजिस्टर्ड कार्यालय काठमाडौं महानगरपालिका वडा नम्बर ११ मा रहेको छ। लागनी तथा व्यवसाय संचालन सम्वन्धि परामर्श दिने तथा कम्पनीको नामबाट प्राइभेट तथा पब्लिक कम्पनीको शेयर खरिद विक्री गर्ने मूल उद्देश्य लिई स्थापित यस कम्पनीले २०७४/०१/१३ गते देखि २०७९ निरन्तर ६ वर्ष देखि कार्य गर्दै आएको अनुभव रहेको छ। यस कम्पनीको दर्ता नम्बर १६७५८९/७३/०७४ रहेको छ । यस कम्पनीको स्थायी लेखा नम्बर ६०५९५९६४२ रहेको छ। यस कम्पनीको मुख्य संचालक सुधीर मित्तल रहनु भएको छ। | १. संस्थापक-सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. |
| ६ | वविता कुमारी अग्रवाल (क्याल)<br>वीरगंज-१३, पर्सा | संस्थापक | ५४ | नेपाली | १४,८२,२०० | ६.६१ | प्रविणता प्रमाणपत्र | १.संचालक-स्टार सिमेन्ट उद्योग प्रा.लि. | १.संस्थापक-सननेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. |
| ७ | किरण के.सी<br>पोखरा-७, कास्की | सञ्चालक | ४३ | नेपाली | ६,४०,००० | २.८६ | स्नातकोत्तर | १ प्रबन्धक संचालक- भगवती हाइड्रोपावर डेभलपमेन्ट प्रा.लि.<br>२. प्रबन्धक संचालक -के.सी कन्स्ट्रक्शन प्रा.लि.<br>२. प्रबन्धक संचालक-सिक्लेस हाइड्रोपावर प्रा.लि.<br>३. प्रबन्धक संचालक-रारा फुडस् प्रा.लि. | १.संस्थापक -सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. |
| ८ | सायन होल्डिङ्ग कं.प्रा.लि.<br>काठमाडौं १, कमलादी | प्रवर्द्धक | लागू नहुने | लागू नहुने | ४,००,००० | १.७९ | लागू नहुने | कम्पनी ऐन, २०६३ बमोजिम मिति:२०७०/१२/०३ मा स्थापित यस कम्पनीको रजिस्टर्ड कार्यालय काठमाडौं महानगरपालिका वडा नम्बर १ मा रहेको छ। लागनी तथा व्यवसाय संचालन सम्वन्धि परामर्श दिने तथा कम्पनीको नामबाट प्राइभेट तथा पब्लिक कम्पनीको धितोपत्र खरिद विक्री गर्ने मूल उद्देश्य लिई स्थापित यस कम्पनीले २०७०/१२/०३ गते देखि २०७९ सम्म निरन्तर ९ वर्षदेखि कार्य गर्दै आएको अनुभव रहेको छ। यस कम्पनीको दर्ता नम्बर १०८४/०६४/०६५ रहेको छ । यस कम्पनीको स्थायी लेखा नम्बर ३०२८३१६८३ रहेको छ। यस कम्पनीको मुख्य संचालक राहुल कुमार टिबरेवाला रहनु भएको छ। | १.संस्थापक -सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. |
| ९ | कवि कुमार टिवरेवाला<br>काठमाडौं १८ | प्रवर्द्धक | ३८ | नेपाली | ४,००,००० | १.७९ | स्नातकोत्तर | १.संचालक-एम्वी पेट्रालियम इन्डस्ट्रिज प्रा.लि (विगत १४ वर्ष देखि), नेपाल इन्भेष्टमेन्ट बैंक<br>२.अध्यक्ष-सायन होल्डिङ्ग कं. प्रा.लि<br>३.अध्यक्ष-डेरी ग्रोसी प्रा.लि,<br>४.अध्यक्ष-श्री सिद्धि म्यानेजमेन्ट प्रा.लि. | १.संस्थापक -सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. |
| १० | अनुज क्याल | सञ्चालक | ३२ | नेपाली | ३१६,२०० | १.४१ | स्नातकोत्तर | १. संचालक - क्याल समूह, नारायणी स्ट्रिप्स प्रा.लि-विगत ७ वर्ष देखि हालसम्म<br>२. व्यवस्थापक क्याल समूह -विगत ७ वर्ष देखि हालसम्म | १. संचालक-सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. |
| ११ | निकित क्याल | प्रवर्द्धक | ३१ | नेपाली | २९७,८०० | १.३३ | स्नातकोत्तर | १.स्टिल व्यवसाय,हार्डवेयर खुद्रा तथा थोक व्यवसाय-विगत ८ वर्ष देखि हालसम्म | १.संस्थापक -सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. |

| क्र. सं. | नाम र ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शेयर स्वामित्व (प्रतिशत) | शैक्षिक योग्यता | अनुभव | प्रस्तावित व्यापार र व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | सत्य नारायण क्याल | संस्थापक | ६० | नेपाली | २८६,००० | १.२८ | प्रविणता प्रमाणपत्र | १.प्रवन्ध सञ्चालक-निर्माण सामाग्री उद्योग-विगत ३० वर्ष देखि हालसम्म<br>२.उद्योग प्रवर्द्धन तथा लगानी व्यवस्थापन र हार्डवेयर थोक व्यवसाय-विगत ४० वर्ष देखि हालसम्म<br>३.प्रमुख सस्थापक-क्याल समूह | १.संस्थापक -सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. |
| १३ | विक्की हार्डवयर हाउस प्रा.लि | प्रवर्द्धक | लागू नहुने | लागू नहुने | २८०,००० | १.२५ | लागू नहुने | कम्पनी ऐन, २०६३ बमोजिम मितिः २०६७/०३/१० मा स्थापित यस कम्पनीको रजिस्टर्ड कार्यालय काठमाडौं महानगरपालिका वडा नम्बर ३५ मा रहेको छ। भवन निर्माण सामग्री तथा हार्डवेयर सामानको खुद्रा व्यापार गर्ने तथा कम्पनीको नामबाट शेयर खरिद बिक्री गर्ने मूल उद्देश्य लिई स्थापित यस कम्पनीले २०६७/०३/१० गते देखि २०७९ निरन्तर कार्य गर्दै आएको अनुभव रहेको छ। यस कम्पनीको दर्ता नम्बर ७३८६२/०६६/०६७ रहेको छ । यस कम्पनीको स्थायी लेखा नम्बर ६००६२९३२४ रहेको छ। | १.संस्थापक -सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. |
| १४ | श्री सुशीला मित्तल बट्टटोल, काठमाडौं | संस्थापक | ७७ | नेपाली | ९,००,००० | ४.०२ | साक्षर | १.संचालक-आलोक विद्याश्रम विगत २० वर्षदेखि | १.संस्थापक -सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. |
| १५ | श्री नारायणी रोलिङ्ग मिल काठमाडौं १४ | प्रवर्द्धक | लागू नहुने | लागू नहुने | २,५०,००० | १.१२ | लागू नहुने | कम्पनी ऐन, २०६३ बमोजिम मितिः २०४६/०२/०२ मा स्थापित तथा २०४६/०२/०२ मा उद्योग विभागबाट इजाजतपत्र प्राप्त यस कम्पनीको रजिस्टर्ड कार्यालय काठमाडौं महानगरपालिकामा १४ मा रहेको छ । फ्लेट, एङ्गल, प्लेन तथा इको बार उत्पादन तथा बिक्री प्रबर्द्धन गर्ने तथा कम्पनीको नामबाट शेयर खरिद बिक्री गर्ने मूल उद्देश्य लिई स्थापित यस कम्पनीले २०४६/०२/०२ गते देखि २०७९ निरन्तर कार्य गर्दै आएको अनुभव रहेको छ। यस कम्पनीको उद्योग दर्ता नम्बर ५२७१/०४८/४९ रहेको छ। यस कम्पनीको स्थायी लेखा नम्बर ३०००२०१२४ रहेको छ। | १.संस्थापक -सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी |
| १६ | श्री कृष्ण स्टिल इन्डष्ट्रिज प्रा.लि. वीरगञ्ज-१३, पर्सा | प्रवर्द्धक | लागू नहुने | लागू नहुने | ४,००,००० | १.७९ | लागू नहुने | कम्पनी ऐन, २०६३ बमोजिम मिति २०५१/११/१६ःमा स्थापित तथा उद्योग विभागबाट इजाजतपत्र प्राप्त यस कम्पनीको रजिस्टर्ड कार्यालय काठमाडौं महा( नगरपालिका वडा नम्बर ३५ मा रहेको छ। वायर तथा जस्तापाताको उत्पादन तथा बिक्री तथा कम्पनीको नामबाट शेयर खरिद बिक्री गर्ने मूल उद्देश्य लिई स्थापित यस कम्पनीले २०५१/११/१६ गते देखि २०७९ सम्म निरन्तर कार्य गर्दै आएको अनुभव रहेको छ। यस कम्पनीको दर्ता नम्बर ३१०८/०५१/०५२ रहेको छ । यस कम्पनीको स्थायी लेखा नम्बर ३०००२००८९ रहेको छ। यस कम्पनीको मुख्य संचालक सत्यनारायण क्याल रहनु भएको छ। | १.संस्थापक -सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. |
| १७ | श्री कुसुम देवी क्याल वीरगंज-१३, पर्सा | संस्थापक | ५६ | नेपाली | ३,६०,००० | १.६१ | साक्षर | १.संचालक -नारायणी रोलिङ मिल्स् प्रा.लि.-विगत ३० वर्षदेखि | १.संस्थापक -सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी |

| क्र. सं. | नाम र ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शेयर स्वामित्व (प्रतिशत) | शैक्षिक योग्यता | अनुभव | प्रस्तावित व्यापार र व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १८ | श्री विश्व प्रकाश गौतम<br>फेदिखोला २, स्याङ्जा | संस्थापक | ४८ | नेपाली | ३,२०,००० | १.४३ | स्नातक | १.संचालक- माछापुच्छ्रे बैंकको विगत ४ वर्षदेखि | १.संस्थापक -सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी |
| १९ | निरज कुमार तोदी<br>विराटनगर ३, मोरङ्ग | संस्थापक | ४८ | नेपाली | ३,२०,००० | १.४३ | स्नातक | १.२१ बर्ष देखि सञ्चालक आयल मिल उद्योग व्यवसाय, खाद्यान्न व्यवसाय,आयात निर्यात व्यवसाय | १.संस्थापक -सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी |
| २० | पवन कुमार खेतान<br>विराटनगर १९, मोरङ्ग | संस्थापक | ६१ | नेपाली | ३,२०,००० | १.४३ | स्नातक | १.३५ वर्ष देखि उद्योग यवसाय, लगानी व्यवस्थापनको क्षेत्रमा सक्रिय । | १.संस्थापक -सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी |
| २१ | राजेश कुमार अग्रवाल<br>रंगेली-२, मोरङ्ग | संस्थापक | ५१ | नेपाली | ३,२०,००० | १.४३ | - | १.संचालक -जय श्री पियु टेक चप्पल जुत्ता उद्योगमा विगत १० वर्षदेखि | १.संस्थापक -सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी |
| २२ | रुवी अग्रवाल<br>धरान-५,सुनसरी | संस्थापक | ४६ | नेपाली | ३,२०,००० | १.४३ | स्नातक | १. प्रोपाइटर-जय श्री रिटेल खुद्रा व्यापार- विगत १० वर्षदेखि | १.संस्थापक -सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी |
| २३ | शशि कुमार टिवरेवाला<br>काठमाडौं १६,काठमाडौं | संस्थापक | ३८ | नेपाली | ३,२०,००० | १.४३ | स्नातक | १. १० बर्ष प्रवन्ध सञ्चालक, समृद्धि इन्टरनेशनल (आयात निर्यात व्यवसाय)<br>१० बर्ष सञ्चालक एमवि पेट्रोल्युव इन्डष्ट्रिज | १.संस्थापक -सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी |
| २४ | सौरभ अग्रवाल<br>विराटनगर ७, मोरङ्ग | संस्थापक | ३५ | नेपाली | ३,२०,००० | १.४३ | स्नातक | १ प्रोपाइटर-आनन्द स्पाइस उद्योग विगत १० वर्षदेखि | १.संस्थापक -सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी |
| २५ | सुमन कुमार क्याल<br>वीरगंज-०७, पर्सा | संस्थापक | ५९ | नेपाली | २,४०,००० | १.०७ | स्नातक | १. प्रोपाइटर -लोक प्रिया पसल खरिद बिक्रि विगत २५ वर्ष देखि | १.संस्थापक -सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी |

## संचालकहरुको विवरण:

| क्र. सं. | नाम, ठेगाना | पद | उमेर | राष्ट्रियता | शैक्षिक योग्यता | शेयर स्वामित्व | शेयर स्वामित्व (प्रतिशत) | अनुभव | प्रस्तावित व्यापार र व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री अनुज क्याल<br>वीरगंज-१३, पर्सा | अध्यक्ष | ३२ | नेपाली | स्नातकोत्तर | ३१६,२०० | १.४१ | १. संचालक,क्याल समूह नारायणी स्ट्रिप्स प्रा.लि-विगत ७ वर्ष देखि हालसम्म<br>२. व्यवस्थापक, क्याल समूह-विगत ७ वर्ष देखि हालसम्म | अध्यक्ष-सन नेपाल लाइफ इन्स्योरेन्स क.लि |
| २ | श्री सशांक अग्रवाल<br>रंगेली-१, मोरङ्ग | संचालक | ३१ | नेपाली | स्नातकोत्तर | ९३,६०० | ०.४२ | १. व्यवस्थापक, विक्की हार्डवेयर हाउस प्रा.लि-विगत ७ वर्ष देखि हालसम्म | संचालक-सन नेपाल लाइफ इन्स्योरेन्स क.लि |
| ३ | श्री नारायण रुंगटा (ओम चाओविरो फिड इन्डष्ट्रिज प्रा.लि. का प्रतिनिधि) | संचालक | ३६ | नेपाली | स्नातकोत्तर | २४,००,००० | १०.७१ | १. प्रमुख व्यवस्थापक, रुंगटा समूह.-विगत १४ वर्ष देखि हालसम्म<br>२. म्यानेजमेन्ट ट्रेनी,नेपाल इन्भेस्टमेन्ट बैंक लि., काठमाडौं | संचालक-सन नेपाल लाइफ इन्स्योरेन्स क.लि |
| ४. | श्री किरण के.सी<br>पोखरा-७, कास्की | संचालक | ४० | नेपाली | स्नातकोत्तर | ६४०,००० | २.८६ | १. प्रबन्ध संचालक, भगवती हाइड्रोपावर डेभलपमेन्ट प्रा.लि-विगत ७ वर्ष देखि हालसम्म<br>२. कार्यकारी अध्यक्ष, के.सी कन्स्ट्रक्शन प्रा.लि-विगत ७ वर्ष देखि हालसम्म<br>४. संचालक सिक्लेस हाइड्रोपावर प्रा.लि. विगत ९ वर्ष देखि हालसम्म<br>५. सल्लाहाकार, कालिका मल्टीपल क्याम्पस -विगत ७ वर्ष देखि हालसम्म<br>६. सल्लाहाकार, पोखरा स्कुल अफ टुरिजम एण्ड हस्पिटालिटी म्यानेजमेन्ट -विगत ७ वर्ष देखि हालसम्म | संचालक-सन नेपाल लाइफ इन्स्योरेन्स क.लि |
| ५. | नीतु क्याल, काठमाडौं ३४, काठमाडौं | स्वतन्त्र संचालक | ४१ | नेपाली | स्नातकोत्तर | - | - | शाखा प्रबन्धक-सनराइज बैंक लिमिटेड ५ वर्ष<br>सम्बन्ध प्रबन्धक-नेपाल इन्भेस्टमेन्ट बैंक लिमिटेड ५ वर्ष | स्वतन्त्र संचालक-सन नेपाल लाइफ इन्स्योरेन्स क.लि |

**(आ) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| क्र.सं. | कम्पनी/संस्थाको नाम | ठेगाना | कम्पनीको संक्षिप्त विवरण | सञ्चालकहरुको नाम, ठेगाना | शेयर स्वामित्व |
|---|---|---|---|---|---|
| १ | ओम चाओविरो फिड इन्डष्ट्रिज प्रा.लि. | लिपनीमाल, बारा ८ | कम्पनी ऐन, २०६३ बमोजिम मितिः २०६४/०४/१० मा स्थापित तथा २०६४/०७/१८ माउद्योग विभागबाट इजाजतपत्र प्राप्त यस कम्पनीको रजिस्टर्ड कार्यालय लिपनीमाल ८ बारामा रहेको छ। कुखुराको दाना उत्पादन गर्ने तथा कम्पनीको नामबाट शेयर खरिद विक्री गर्ने मूल उद्देश्य लिई स्थापित यस कम्पनीले २०६४/ ४/१० गते देखि २०७९ साल सम्म निरन्तर कार्य गर्दै आएको अनुभव रहेको छ। यस कम्पनीको दर्ता नम्बर ४७०३१/ ०६४-०६५ तथा उद्योग दर्ता नम्बर २५३/७३ रहेको छ । यस कम्पनीको स्थायी लेखा नम्बर ३०२६६१६८६ रहेको छ। यस कम्पनीको मुख्य संचालक नारायण रुङ्गटा रहनु भएको छ। | - नारायण रुगंटा-काठमाण्डौ<br>- सुरेश कुमार रुगंटा-पर्सा<br>- शिव कुमार रुगंटा-पर्सा, | १०.७१ |
| २ | कालिका इन्भेष्टमेन्ट एण्ड म्यानेजमेन्ट प्रा.लि | वीरगंज | कम्पनी ऐन, २०६३ बमोजिम मितिः २०६४/११/१९ मा स्थापित यस कम्पनीको रजिस्टर्ड कार्यालय काठमाडौं महानगरपालिका वडा नम्बर १० मा रहेको छ। लगानी तथा व्यवसाय संचालन सम्बन्धि परामर्श दिने तथा कम्प( नीको नामबाट प्राइभेट तथा पब्लिक कम्पनीको धितोपत्र खरिद विक्री गर्ने मूल उद्देश्य लिई स्थापित यस कम्पनीले २०६४/ ११/१९ गते देखि हाल सम्म निरन्तर कार्य गर्दै आएको अनुभव रहेको छ। यस कम्पनीको दर्ता नम्बर ५२०७२/०६४/०६५ रहेको छ । यस कम्पनीको स्थायी लेखा नम्बर ३०३२०२४३१ रहेको छ। यस कम्पनीको मुख्य संचालक सत्यनारायण क्याल रहनु भएको छ। | - सत्य नारायण क्याल-वीरगंज<br>- प्रमोद अग्रवाल-रंगेली<br>- नवल किशोर अग्रवाल-रंगेली<br>- रिशव अग्रवाल-रंगेली | ४.०१८ |

| क्र.सं. | कम्पनी/संस्थाको नाम | ठेगाना | कम्पनीको संक्षिप्त विवरण | सञ्चालकहरुको नाम, ठेगाना | शेयर स्वामित्व |
|---|---|---|---|---|---|
| ३ | वाग्मती इंक प्रा.लि. | काठमाडौं | कम्पनी ऐन, २०६३ बमोजिम मिति: २०७४/०१/१५ मा स्थापित यस कम्पनीको रजिस्टर्ड कार्यालय काठमाडौं महानगरपालिका वडा नम्बर १४ मा रहेको छ। लगानी तथा व्यवसाय संचालन सम्बन्धि परामर्श दिने तथा विभिन्न उद्देश्यले स्थापना भएको प्राइभेट तथा पब्लिक कम्पनीको ऋणपत्र खरिद तथा कम्पनीको नामबाट प्राइभेट तथा पब्लिक कम्पनी शेयर खरिद विक्री गर्ने मूल उद्देश्य लिई स्थापित यस कम्पनीले २०७४/०१/१५ गते देखि हाल सम्म निरन्तर कार्य गर्दै आएको अनुभव रहेको छ। यस कम्पनीको दर्ता नम्बर १६७६८९/७३/०७४ रहेको छ । यस कम्पनीको संचालकमा अर्पित अग्रवाल, नीलम अग्रवाल, रोहित मुरारका रहनु भएको छ। | - अर्पित अग्रवाल-मोरङ्ग,<br>- निलम अग्रवाल-धरान<br>- रोहित मुरारका-जनकपुर | ३.१२५ |
| ४ | सायन होल्डिङ्ग क. प्रा.लि. | काठमाडौं | कम्पनी ऐन, २०६३ बमोजिम मिति: २०७०/१२/०३ मा स्थापित यस कम्पनीको रजिस्टर्ड कार्यालय काठमाडौं महानगरपालिका वडा नम्बर १ मा रहेको छ। लगानी तथा व्यवसाय संचालन सम्बन्धि परामर्श दिने तथा कम्पनीको नामबाट प्राइभेट तथा पब्लिक कम्पनीको धितोपत्र खरिद विक्री गर्ने मूल उद्देश्य लिई स्थापित यस कम्पनीले २०७०/१२/०३ गते देखि २०७९ निरन्तर कार्य गर्दै आएको अनुभव रहेको छ। यस कम्पनीको दर्ता नम्बर १०८४/०६४/०६५ रहेको छ । यस कम्पनीको स्थायी लेखा नम्बर ३०२८३१६८३ रहेको छ। यस कम्पनीको मुख्य संचालक राहुल कुमार टिबरेवाला रहनु भएको छ। | - राहुल कुमार टिबरेवाला-काठमाडौं<br>- कवि कुमार टिबरेवाला-काठमाडौं<br>- निरञ्जन कुमार टिबरेवाला-काठमाडौं | १.७८६ |
| ५ | हार्वेस्ट इन्भेष्टमेन्ट प्रा.लि. | काठमाडौं | कम्पनी ऐन, २०६३ बमोजिम मिति: २०७४/०१/१३ मा स्थापित यस कम्पनीको रजिस्टर्ड कार्यालय काठमाडौं महानगरपालिका वडा नम्बर ११ मा रहेको छ। लागनी तथा व्यवसाय संचालन सम्बन्धि परामर्श दिने तथा विभिन्न उद्देश्यले स्थापना भएको प्राइभेट तथा पब्लिक कम्पनीको ऋणपत्र खरिद तथा कम्पनीको नामबाट प्राइभेट तथा पब्लिक कम्पनी शेयर खरिद विक्री गर्ने मूल उद्देश्य लिई स्थापित यस कम्पनीले २०७४/०१/१३ गते हाल सम्म निरन्तर कार्य गर्दै आएको अनुभव रहेको छ। यस कम्पनीको दर्ता नम्बर १६७५८९/७३/०७४ रहेको छ । यस कम्पनीको स्थायी लेखा नम्बर ६०५९५९६४२ रहेको छ। यस कम्पनीको मुख्य संचालक सुधीर मित्तल रहनु भएको छ। | - सुधीर मित्तल-काठमाडौं<br>- सुशिला मित्तल-काठमाडौं | ३.१२५ |
| ६ | विक्की हार्डवेयर हाउस प्रा.लि. | काठमाडौं | कम्पनी ऐन, २०६३ बमोजिम मिति: २०६७/०३/१० मा स्थापित यस कम्पनीको रजिस्टर्ड कार्यालय काठमाडौं महानगरपालिका वडा नम्बर ३५ मा रहेको छ। भवन निर्माण सामग्री तथा हार्डवेयर सामानको खुद्रा व्यापार गर्ने तथा कम्पनीको नामबाट शेयर खरिद विक्री गर्ने मूल उद्देश्य लिई स्थापित यस कम्पनीले २०६७/०३/१० गते देखि हाल सम्म निरन्तर कार्य गर्दै आएको अनुभव रहेको छ। यस कम्पनीको दर्ता नम्बर ७३८६२/०६६/०६७ रहेको छ । यस कम्पनीको स्थायी लेखा नम्बर ६००६२९३२४ रहेको छ। यस कम्पनीको मुख्य संचालक प्रमोद कुमार अग्रवाल रहनु भएको छ। | - प्रमोद कुमार अग्रवाल-मोरङ<br>- नवल किशोर अग्रवाल-मोरङ<br>- बविता कुमारी अग्रवाल-पर्सा | १.२५ |
| ७ | गहवामाई इन्भर्सन नेपाल प्रा.लि. | ललितपुर | कम्पनी ऐन, २०६३ बमोजिम मिति: २०७३/०८/०९ मा स्थापित यस कम्पनीको रजिस्टर्ड कार्यालय ललितपुर उपमहानगरपालिका वडा नम्बर १० मा रहेको छ। जलविद्युत र अन्य प्राकृतिक स्रोतहरूको अनुसन्धान र लगानी गर्ने कम्पनीको नामबाट प्राइभेट तथा पब्लिक कम्पनीको धितोपत्र खरिद विक्री गर्ने मूल उद्देश्य लिई स्थापित यस कम्पनीले २०७३ / ०८/०९ गते देखि हाल सम्म निरन्तर कार्य गर्दै आएको अनुभव रहेको छ। यस कम्पनीको दर्ता नम्बर १५८९४५/०७३/०७४ रहेको छ । यस कम्पनीको स्थायी लेखा नम्बर ६०४३५६२४० रहेको छ। यस कम्पनीको मुख्य संचालक उत्तम बहादुर के.सी. रहनु भएको छ। | - उत्तम बहादुर के.सि-काठमाडौं<br>- भूषण राज तिमला-पर्सा<br>- राकेश श्रेष्ठ-सर्लाही<br>- प्रमोद कुमार क्षेत्री-पर्सा<br>- कविता राजभण्डारी-पर्सा | ०.१७९ |
| ८ | हाइ टेक इन्जिनियरिङ्ग प्रा. लि. | काठमाडौं | कम्पनी ऐन, २०५३ बमोजिम मिति: २०६०/१०/०२ मा स्थापित यस कम्पनीको रजिस्टर्ड कार्यालय काठमाडौं महानगरपालिका भोटेबाहलमा रहेको छ। चलचित्र , सफ्टवेयर, सिरियल , विज्ञापन उत्पादन ,विक्री, आयात र वितरण गर्ने तथा विभिन्न उद्देश्यले स्थापना भएको प्राइभेट तथा पब्लिक कम्पनीको ऋणपत्र खरिद तथा कम्पनीको नामबाट प्राइभेट तथा पब्लिक कम्पनी शेयर खरिद विक्री गर्ने मूल उद्देश्य लिई स्थापित यस कम्पनीले : २०६०/१०/०२ गते देखि २०७९ निरन्तर कार्य गर्दै आएको अनुभव रहेको छ। यस कम्पनीको दर्ता नम्बर २६७३०/०६०/०१ रहेको छ । यस कम्पनीको स्थायी लेखा नम्बर ३०१४०३६३० रहेको छ। यस कम्पनीको मुख्य संचालक प्रतिभा पोखरेल (बंसल) रहनु भएको छ। | - प्रतिमा पोखरेल-काठमाडौं<br>- भावना ढकाल-काठमाडौं<br>- अरुण कुमार बंसल-सुनसरी | ०.१७९ |

| क्र.सं. | कम्पनी/संस्थाको नाम | ठेगाना | कम्पनीको संक्षिप्त विवरण | सञ्चालकहरुको नाम, ठेगाना | शेयर स्वामित्व |
|---|---|---|---|---|---|
| ९ | होटल सुनकोशी रिभरसाइड | सिन्धुपाल्चोक | कम्पनी ऐन, २०६३ बमोजिम मिति: २०६८/०५/०५ मा स्थापित यस कम्पनीको रजिस्टर्ड कार्यालय सिन्धुपाल्चोक कदमवास वडा नम्बर ५ मा रहेको छ । अर्गानिक वस्तु उत्पादन गरेर होटल र मोटेलको व्यवसाय गर्ने तथा कम्पनीको नामबाट प्राइभेट तथा पब्लिक कम्पनीको शेयर खरिद बिक्री गर्ने मूल उद्देश्य लिई स्थापित यस कम्पनीले २०६८/०५/०५ गते देखि हाल सम्म निरन्तर कार्य गर्दै आएको अनुभव रहेको छ । यस कम्पनीको दर्ता नम्बर ८५७९०/०६८/०६९ रहेको छ । यस कम्पनीको स्थायी लेखा नम्बर ३०४९८२९१८ रहेको छ। यस कम्पनीको मुख्य संचालक पुजन राज रेग्मी रहनु भएको छ। | - पुजन राज रेग्मी<br>- प्रभु राम श्रेष्ठ<br>- राजेन्द्र प्रधान<br>- सविन खड्का | ०.२८६ |
| १० | नारायणी रोलिङ्ग मिल | बारा | कम्पनी ऐन, २०६३ बमोजिम मिति २०४६/०२/०२ मा स्थापित तथा २०४६/०२/०२ मा उद्योग विभागबाट इजाजतपत्र प्राप्त यस कम्पनीको रजिस्टर्ड कार्यालय काठमाडौं महानगरपालिका १४ मा रहेको छ। फ्लेट, एङ्गल, प्लेन तथा इको बार उत्पादन तथा बिक्री प्रबर्दन गर्ने तथा कम्पनीको नामबाट शेयर खरिद बिक्री गर्ने मूल उद्देश्य लिई स्थापित यस कम्पनीले २०४६/०२/०२ गते देखि हाल सम्म निरन्तर कार्य गर्दै आएको अनुभव रहेको छ । यस कम्पनीको उद्योग दर्ता नम्बर ५२७१/०४८/४९ रहेको छ। यस कम्पनीको स्थायी लेखा नम्बर ३०००२०१२४ रहेको छ। यस कम्पनीको मुख्य संचालक सत्यनारायण क्याल रहनु भएको छ। | - रमेशचन्द्र संघई-काठमाण्डौं<br>- कृष्णमोहन क्याल-वीरगंज<br>- राजेश क्याल-वीरगंज | १.११६ |
| ११ | नारायणी स्ट्रिप्स | पर्सा | कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७१/१२/३० मा स्थापित तथा २०६०/०५/०८ मा उद्योग विभागबाट इजाजतपत्र प्राप्त यस कम्पनीको रजिस्टर्ड कार्यालय बीरगंज उपनगरपालिका वडा नम्बर १३ रहेको छ। Galvanised Sheets and CR coils उत्पादन गर्ने मूल उद्देश्य लिई स्थापित यस कम्पनीले २०७१/१२/३० गते देखि हाल सम्म निरन्तर कार्य गर्दै आएको छ। यस कम्पनीको दर्ता नम्बर १३४६७०/०७१/०७२ तथा उद्योग दर्ता नम्बर ३३५७/६६९ रहेको छ । यस कम्पनीको स्थायी लेखा नम्बर ६०२४९७४९३ रहेको छ। यस कम्पनीको मुख्य संचालक सत्यनारायण क्याल रहनु भएको छ। | - बबिता कुमारी अग्रवाल-पर्सा<br>- अनुज क्याल पर्सा<br>- निकित क्याल-पर्सा | ०.३५७ |
| १२ | श्री कृष्ण स्टिल इन्डष्ट्रिज प्रा. लि. | पर्सा | कम्पनी ऐन, २०६३ बमोजिम मिति २०५१/११/१६ मा स्थापित तथा उद्योग विभागबाट इजाजतपत्र प्राप्त यस कम्पनीको रजिस्टर्ड कार्यालय काठमाडौं महानगरपालिका वडा नम्बर ३५ मा रहेको छ। वायर तथा जस्तापाताको उत्पादन तथा बिक्री तथा कम्पनीको नामबाट शेयर खरिद बिक्री गर्ने मूल उद्देश्य लिई स्थापित यस कम्पनीले २०५१/११/१६ गते देखि हाल सम्म निरन्तर कार्य गर्दै आएको अनुभव रहेको छ। यस कम्पनीको दर्ता नम्बर ३१०८/०५१/०५२ रहेको छ। यस कम्पनीको स्थायी लेखा नम्बर ३०००२००८९ रहेको छ। यस कम्पनीको मुख्य संचालक सत्यनारायण क्याल रहनु भएको छ। | - बबिता कुमारी अग्रवाल-पर्सा<br>- बिकास कुमार क्याल-पर्सा<br>- रितेश कुमार क्याल-पर्सा | १.७८६ |
| १३ | स्टार सिमेन्ट इन्डष्ट्रिज प्रा. लि. | बारा | कम्पनी ऐन, २०६३ बमोजिम मिति २०५८/११/०४ मा स्थापित तथा २०/०८/२६ मा उद्योग विभागबाट इजाजतपत्र प्राप्त यस कम्पनीको रजिस्टर्ड कार्यालय बिरगंज उपमहानगरपालिका वडा नम्बर १३ रहेको छ । गुणस्तरीय सिमेन्ट उत्पादन गर्ने मूल उद्देश्य लिई स्थापित यस कम्पनीले २०५८/११/ ०४ गते देखि हाल सम्म निरन्तर कार्य गर्दै आएको अनुभव रहेको छ। यस कम्पनीको दर्ता नम्बर १७९४७ तथा उद्योग दर्ता नम्बर ३४०४/७१३ रहेको छ । यस कम्पनीको स्थायी लेखा नम्बर ३०१३८०६८७ रहेको छ। यस कम्पनीको मुख्य संचालक सत्यनारायण क्याल रहनु भएको छ। | - बिकास कुमार क्याल-पर्सा<br>- रितेश कुमार क्याल-पर्सा | ०.४४६ |
| १४ | जोया ट्रेड कन्सर्न | रातोपूल | अटोमोबाइलस् स्पेयर पार्टस् को कारोवार गर्न प्रा.लि को रुपमा दर्ता रहेको यस कम्पनी श्री सिमा अग्रवालको व्यक्तिगत प्यान नम्बर ६०५१८२४९५ अन्तर्गत आन्तरिक राजस्व विभागमा दर्ता रहेको छ। | सिमा अग्रवाल-रातोपूल (प्रोपराइटरसीप) | ०.०७१ |

**(इ) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगानाः**

| क्र.स. | संचालकको नाम, ठेगाना | आबद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १. | श्री अनुज क्याल<br>वीरगंज-१३, पर्सा | क्याल समूह, वीरगंज, एएसि ब्लक्स ईण्डष्ट्रिज प्रा.लि. चोनी-पर्सा, गोर्खा वायर ईण्डष्ट्रिज प्रा.लि. चोनी-पर्सा, गोर्खा फिड ईण्डष्ट्रिज प्रा.लि. चोनी-पर्सा, बाओचि नेपाल प्रा.लि. वीरगंज |
| २. | श्री किरण के.सी<br>पोखरा-७, कास्की | भगवती हाइड्रोपावर डेभलपमेन्ट प्रा.लि. पोखरा, कास्की, के.सी कन्स्ट्रक्शन प्रा.लि, सिक्लेस हाइड्रोपावर प्रा.लि., कालिका मल्टीपल क्याम्पस |
| ३. | श्री सशांक अग्रवाल, रंगेली-१, मोरङ्ग | बिक्की हार्डवेयर, काठमाडौं |
| ४. | श्री नारायण रुंगटा, पर्सा | ओम चाओविरो फिड इन्डष्ट्रिज प्रा.लि, बारा |

*सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा संचालकहरु सम्बन्धी व्यवस्थाहरुको पालना तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) छ को पालना भएको व्यहोरा जानकारी गराइन्छ ।

**(ई) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरणः**

प्रबन्ध पत्रको दफा ८ मा संस्थापक/संचालकको शेयर हक हस्तान्तरण सम्बन्धी निम्नानुसारको व्यवस्था रहेको छ । निम्न बुदाँहरु बमोजिमको व्यवस्था पालना नभएसम्म संस्थापक/संचालकको शेयर हक हस्तान्तरण गर्न पाइने छैन ।

(१) शेयर वापतको माग रकम पूरा नगरे सम्म,

(२) प्रथम वार्षिक साधारण सभा नभए सम्म, तर कम्पनीमा जगेडामा रहेको शेयर विक्री गर्न प्रथम वार्षिक सभा हुन आवश्यक पर्ने छैन ।

(३) संस्थापक शेयरधनीहरुले नलिने भनि लिखित सहमति नदिए सम्म ।

(४) सम्वन्धित निकायले निश्चित अवधि तोकी रोक्का गरेकोमा सो अवधि पुरा नभए सम्म तर त्यसको लागि संस्थापक समूहमा शेयरधनिले शेयर विक्री गर्नु पूर्व संचालक समितिलाई जानकारी दिनु पर्नेछ । त्यसरी विक्री गरिने शेयर खरिदको प्राथमिकता संस्थापक समूहमा शेयरधनीले नै पाउनेछन् । तर, विक्री गर्न चाहने संस्थापक समूहको शेयरधनिले विक्रीको लिखित सूचना कम्पनीको कार्यालयमा दिएको ३५ दिन भित्रमा कुनै संस्थापक समूहको शेयरधनीले तत्काल प्रचलित बजार भाउमा नघटिकन खरिदको लागि दावी नगरेमा निज विक्रीकर्ताले आफुखुसी शेयर विक्री गर्न पाउनेछ ।

(५) माथि उल्लेख भएको व्यवस्था बाहेकमा कम्पनीको शेयर विक्री वितरण सम्बन्धमा कम्पनी ऐन र संचालक समितिले पारित गरि साधारण सभाबाट स्विकृत गराई प्रबन्धपत्र नियमावली संसोधन गरेमा सोही बमोजिम हुनेछ ।

(६) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था कम्पनी ऐन, २०६३, धितोपत्र कारोवार सम्बन्धी कानुन र अन्य प्रचलित कानुनमा उल्लेख भए बमोजिम हुनेछ ।

**ख. संस्थापक/संचालक सँगको कारोबारः**

**(अ) संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेका वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरणः** कम्पनीको संचालकहरुले संचालक समितिको बैठक भत्ता बाहेक अन्य कुनै पनि संस्थापक तथा संचालकले यस संस्थाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा प्राप्त गरेको छैनन् र सो सम्बन्धमा संस्थाले संस्थापक वा संचालकबाट कुनै सम्पत्ति वा सेवा समेत प्राप्त गरेको छैन ।

**(आ) बुँदा (अ) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिकाः** सो नभएको ।

**ग.६.सीमित दायित्व सम्बन्धी विवरणः**

सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, कम्पनी ऐन, २०६३ तथा बीमा ऐन, २०४९ (हाल बीमा ऐन २०७९) अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरवालाहरुको दायित्व सीमित छ । यस इन्स्योरेन्स कम्पनीका शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकम सम्म मात्र सीमित रहनेछ ।

## ग.७. संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरणः

**क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

अ) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनीको रुपमा रहेको वा कर्मचारीहरुले अन्य कुनै संगठित संस्थामा गरेको लगानी सम्बन्धी विवरण:

| क्र.सं. | नाम | पद | योग्यता | नियुक्ति मिति | अनुभव | कम्पनीमा रहेको शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १. | राज कुमार अर्याल | प्रमुख कार्यकारी अधिकृत | स्नातकोत्तर/ वाणिज्य कानून | २०७४।०७।०१ | - २०६३ साल देखि २०७४ सालसम्म बीमा समिति(हाल नेपाल बीमा प्राधिकरण)मा कानुन विभाग प्रमुख,<br>- २०५९ साल देखि २०६३ सालसम्म सहायक प्राध्यापक, काठमाडौं स्कुल अफ ल, भक्तपुर<br>- २०६२ साल देखि २०७३ सालसम्म आँशिक प्राध्यापक, एपेक्स कलेज, काठमाडौं<br>- २०६३ साल देखि हालसम्म बीमा समिति(हाल नेपाल बीमा प्राधिकरण) तथा अन्य प्रतिष्ठानहरु मा प्रशिक्षक,<br>- बीमा व्यवस्थापन, नियमन, सम्पत्ति शुद्धिकरण निवारण, प्रशिक्षण, वित्तिय क्षेत्र व्यवस्थापन सम्बन्धि राष्ट्रिय तथा अर्न्तराष्ट्रिय तालिमहरुमा प्रशिक्षक, सहभागी, प्रतिनिधिको रुपमा भाग लिएको । | नरहेको |
| २. | चुडामणि सुवेदी | सहायक महाप्रबन्धक | स्नातक, | २०७४।०७।०५ | - २०५५ साल देखि २०६५ साल सम्म स्थानिय निकायमा कार्य अनुभव<br>- २०६५ साल देखि २०७० साल सम्म डेपुटि म्यानेजर, एशियन लाइफ इन्स्योरेन्स<br>- २०७० देखि २०७४ साल सम्म प्रबन्धक, नेपाल लाइफ इन्स्योरेन्स<br>- बीमा बजार तथा एजेन्सी पद्धतीको अनुभव हासिल गर्नु भएको ।<br>राष्ट्रिय तथा अर्न्तराष्ट्रिय तालिम एवं सेमिनारमा भाग लिनु भएको । | नरहेको |
| ३. | विनोद शर्मा पौडेल | प्रमुख संचालन अधिकृत | स्नातकोत्तर, व्यवस्थापन/ स्नातक, कानुन | २०७४।०५।२८ | - २०६१ साल देखि २०६४ साल सम्म सहायक, नेपाल लाइफ इन्स्योरेन्स<br>- २०६४ साल देखि २०७४ साल सम्म उपप्रबन्धक, एशियन लाइफ इन्स्योरेन्स<br>- बीमा बजार तथा एजेन्सी पद्धतीको अनुभव हासिल गर्नु भएको ।<br>- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय तालिम एवं सेमिनारमा भाग लिनु भएको । | नरहेको |

* उल्लेखित कर्मचारीहरु अन्य सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनीको रुपमा नरहेको तथा कर्मचारीहरुको अन्य कुनै संगठित संस्थामा लगानी नरहेको ।

(आ) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने : २०७४।०४।०१ देखि महाप्रबन्धकको रुपमा श्री.कमल राज गौतम कम्पनीमा कार्यरत रहनुभएकोमा मिति २०७९।१०।०२ गतेबाट लागू हुने गरी व्यक्तिगत कारणले उहाँले कम्पनीबाट राजिनामा दिनुभएको हो ।

**(इ) कर्मचारी संख्या**

| स्थायी | अस्थायी | कुल कर्मचारी संख्या |
|---|---|---|
| २३१ | १०१ | ३३२ |

**ख. संचालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरणः**

**(अ) संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधाः**

संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षले पाउने प्रति बैठक भत्ता रु. १०,०००/– र अन्य संचालकले पाउने प्रति बैठक भत्ता रु. ८,०००/– रहेको छ । यस बाहेक अन्य सुविधाहरुमा पत्र पत्रिका तथा संचार तथा खर्च बापत मासिक प्रदान गर्ने व्यवस्था गरिएको छैन । सो बाहेक अन्य कुनै सुविधाहरु प्रदान गरिएको छैन ।

*कम्पनीको कुनै पनि संचलाकहरुको विदेश भ्रमणको लागि हालसम्म कुनै पनि भत्ता सुविधाहरु प्रदान गरिएको छैन साथै त्यस्तो सुविधाको कुनै व्यवस्था गरिएको छैन ।

**(आ) संगठित संस्थाको उच्च व्यवस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| नाम | पद | आ.ब. २०७८/७९ मा वार्षिक पारिश्रमिक रकम रु. |
|---|---|---|
| राज कुमार अर्याल | प्रमुख कार्यकारी अधिकृत | ८,३३८,२०२ |
| चुडामणि सुवेदी | सहायक महाप्रबन्धक | ३,१८८,१७८ |
| बिनोद शर्मा पौडेल | प्रमुख संचालन अधिकृत | २,८९९,१४९ |

*कम्पनीको कुनै पनि कर्मचारीहरुको विदेश भ्रमणको लागि हालसम्म कुनै पनि भत्ता सुविधाहरु प्रदान गरिएको छैन । कम्पनीको कार्यको लागि कुनै कर्मचारी विदेश भ्रमण गर्नुपर्ने अवस्था भएमा कम्पनीको कर्मचारी विनियमावली बमोजिमको भत्ता प्रदान गरिनेछ जसको विवरण देहाय बमोजिम उल्लेख गरिएकोछ ।

**भारत तथा सार्क मुलुक भ्रमण**

| पद | दैनिक भ्रमण भत्ता | बास खर्च (आयोजकले उपलब्ध नगराएको अवस्थामा मात्र) | खाना खर्च (आयोजकले उपलब्ध नगराएको अवस्थामा मात्र) |
|---|---|---|---|
| सहायक नायव महाप्रवन्धक देखि माथिल्लो पदको लागि | भा.रु ३००० | विल वमोजिम | भा.रु. १२०० |
| प्रवन्धक देखी सहायक नायव महाप्रवन्धक सम्म | भा.रु २००० | भा.रु १००० | भा.रु. ८०० |
| जुनियर अधिकृत देखि उपप्रवन्धक सम्म | भा.रु १५०० | भा.रु. ८०० | भा.रु. ७०० |
| बरिष्ठ सहायक स्तर | भा.रु १००० | भा.रु ६०० | भा.रु. ६०० |

**सार्क मुलुक बाहेक अन्य मुलुक भ्रमण**

| पद | दैनिक भ्रमण भत्ता | बास खर्च (आयोजकले उपलब्ध नगराएको अवस्थामा मात्र) | खाना खर्च (आयोजकले उपलब्ध नगराएको अवस्थामा मात्र) |
|---|---|---|---|
| सहायक नायव महाप्रवन्धक देखि माथिल्लो पदको लागि | ७० अमेरिकी डलर | विल वमोजिम | ७० अमेरिकी डलर |
| **नेटवर्थमा प्रतिफल (%)** | ५.५१% | ५.४८% | ९.९३% | १४.११% | १९.७०% | १०.९८% | ११.५२% |

प्रक्षेपित वित्तीय विवरण इन्स्योरेन्स कम्पनी आफैंले तयार पारेको हो र सो वित्तीय विवरणहरु Prasiddha A. & Associates, Chartered Accountants द्वारा प्रमाणित गरिएको छ ।

**(आ) विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल: ७.२४%**

## ग.१०.धितोपत्र निष्काशन सम्बन्धी विवरण:

**क. धितोपत्र जारी गर्नुको उद्देश्य:**

(अ) नियमक निकायबाट तोकिए बमोजिम पूँजी कायम गर्न जारी पूँजीको तीस प्रतिशत शेयर पूँजी सर्वसाधारण समूहबाट कायम गनुपर्ने व्यवस्था अनुरुप यस इन्स्योरेन्स कम्पनीको जारी पूँजी रु. ३,२०,००,००,०००/- को ३० प्रतिशतले हुन आउने रु. ९६,००,००,०००/- रकम बराबर प्रति शेयर रु. १००/- अंकित दरमा प्रिमियम रु. १३९ थप गरी जम्मा मुल्य रु. २३९ मा ९६,००,००० कित्ता साधारण शेयर मध्ये १०% अर्थात् ९,६०,००० कित्ता नेपाल सरकारको सम्वन्धित निकायबाट श्रम स्विकृती प्राप्त गरि बैदेशिक रोजगारीमा रहेको नेपालीहरुलाई, सामूहिक लगानी कोषको लागि ५% अर्थात ४,८०,००० कित्ता शेयर, रु. १०० अंकित मुल्यमा कम्पनीमा कार्यरत कर्मचारीहरुलाई ५% अर्थात ४,८०,००० कित्ता शेयर सुरक्षित गरि बाँकी रहने ७६,८०,००० कित्ता सर्वसाधारणमा प्रारम्भिक सार्वजनिक निष्काशन गरि इन्स्योरेन्स कम्पनीको शेयर पूंजी संरचना मिलान गर्ने ।

(आ) इन्स्योरेन्स कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।

(इ) इन्स्योरेन्स कम्पनीले आफ्नो सेवा विस्तार गरि बीमा व्यवसायको जोखिम धारण बढाउनको लागि आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।

**ख. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग:**

**(अ) निष्काशनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण:**

प्रारम्भिक सार्वजनिक निष्काशन (इनिशियल पब्लिक अफरिङ्ग) गरी प्राप्त हुने पूँजी कम्पनी ऐन, बीमा ऐन तथा अन्य प्रचलित कानूनको अधिनमा रही कम्पनीको व्यवसायिक प्रयोजनमा उपयोग गरिनेछ । जीवन बीमाको प्रकृति बमोजिम व्यवसाय बृद्धिको अनुपातमा चुक्ता पूँजी बृद्धि भएमा कम्पनीको बित्तीय क्षमता थप सुदृढ हुनुका साथै चुक्ता पूँजी तथा जगेडा कोषलाई एउटा निश्चित अनुपातमा राख्दा कम्पनीको सोल्भेन्सी मार्जिन समेत सकारात्मक हुने भई कम्पनीको समग्र बित्तीय अवस्था सुदृढ हुने हुँदा यस निष्काशनबाट प्राप्त रकमले उक्त अवस्था अनुकुल बनाउन मद्दत गर्दछ । यसै गरी, श्री नेपाल बीमा प्राधिकरणबाट जारी गरिएको नयाँ लगानी नीतिले बिभिन्न पूर्वाधारजन्य क्षेत्रहरु तथा राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रहरुमा लगानीको अवसर प्रदान गरेकोले त्यस्ता क्षेत्रहरुमा लगानी विस्तारका लागि उक्त रकमको उपभोगको लागि पहल गरिने छ । साथै प्रारम्भिक सार्वजनिक निष्काशन (इनिशियल पब्लिक अफरिङ्ग) गरी प्राप्त हुने पूँजीको उपयोग सम्बन्धमा देहायअनुसार उल्लेख गरिएको छ ।

| क.सं | बिवरण | रकम (रु.) |
|---|---|---|
| १ | नेपाल सरकारको ऋणपत्र/विकास ऋणपत्र | १०५,८१४,८०० |
| २ | वाणिज्य बैंकको मुद्दती निक्षेपमा | १,१६३,९६२,८०० |
| ३ | विकास बैंकको मुद्दती निक्षेप | ३१७,४४४,४०० |
| ४ | वित्त कम्पनीको मुद्दती निक्षेप | २११,६२९,६०० |
| ५ | पब्लिक लिमिटेड कम्पनीको डिबेञ्चर तथा शेयर | ३१७,४४४,४०० |
| ६ | ब्याज प्राप्त हुने अन्य निक्षेप | १११,३८४,००० |

**(आ) प्रारम्भिक सार्वजनिक निष्काशन (इनिशियल पब्लिक अफरिङ्ग) गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपानाइने बैकल्पिक व्यवस्था:**

प्रारम्भिक सार्वजनिक निष्काशन (इनिशियल पब्लिक अफरिङ्ग) मार्फत निष्काशन गरिने शेयर पूर्ण रुपमा बिक्री नभएमा प्रचलित कानूनको अधिनमा रही सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ती गर्नको लागि वैकल्पिक व्यवस्था गरिएको छ । साथै निष्काशन गरिने साधारण शेयरको शत्प्रतिशत अर्थात ९६,००,००० थान साधारण शेयरको लागि निम्न प्रत्याभुतिकर्ताहरु द्वारा प्रत्याभूती समेत गरिएको छ ।

| क्र.स | प्रत्याभूतिकर्ताको नाम | प्रत्याभूति गरिने शेयर संख्या | प्रत्याभुति रकम(रु) |
|---|---|---|---|
| १ | प्रभु क्यापिटल लिमिटेड | ४,०१२,२९३ | १,००५,२८०,०११.१५ |
| २ | एन आईबिएल एस क्यापिटल लिमिटेड | १,७९६,०५० | ४५०,०००,३२७.५० |
| ३ | एन आईबिएल प्रगति फण्ड | २७९,३८५ | ६९,९९९,९११.७५ |
| ४ | एन आईबिएल सहभागीता फण्ड | ५१८,८५८ | १२९,९९९,८७१.९० |
| ५ | एन आई सी एशिया क्यापिटल लिमिटेड | २,१९५,१७१ | ५५०,०००,०९४.०५ |
| ६ | हिमालयन क्यापिटल लिमिटेड | ७९८,२४३ | १९९,९९९,७८३.६५ |
| | जम्मा | ९,६००,००० | २,४०५,२८०,०००.०० |

**(इ) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण:** लागु नहुने ।

**(ई) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति:** लागु नहुने ।

**(उ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मूख्य मूख्य बूँदाहरु:** लागु नहुने ।

**(ऊ) कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण:** सम्झौता नगरिएको ।

**(ए) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत बर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरणः** उत्पादन सम्बन्धी आयोजना नभएको ।

**(ऐ) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोतः** लागु नहुने ।

**(ओ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोतः** लागु नहुने ।

(औ) सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।

(अ) निष्काशन तथा बिक्री प्रबन्धक – रु. १,००,०००/–

(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) – निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।

(ई) प्रत्याभूतिकर्ताहरुलाई निष्काशित गरिने आंशिक/सम्पूर्ण शेयरको लागि प्रत्याभुति सेवा प्रदान गरे वापत प्रत्याभूति गरेको रकमको ०.२५ प्रतिशतका दरले हुन आउने रकम रु. ६०,१३,२००/ कमिशनको रुपमा दिइने छ ।

(इ) विज्ञहरु–वित्तीय प्रक्षेपण पुनरावलोकन गरी प्रमाणित गर्ने विज्ञलाई रु. ६५,०००/–(कर बाहेक)

(उ) लेखापरीक्षक– यस सार्वजनिक निष्काशनको लागि लेखापरीक्षकलाई भुक्तानी नगरिएको ।

(ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि)– आस्वा सदस्य बैंक तथा वित्तिय संस्थाहरु संकलन केन्द्रको रुपमा रहने छन् ।

**ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरणः**
हाल सम्म त्यस्तो कुनै व्यवस्था गरिएको छैन ।

**घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्यः**
सर्वसाधारणलाई निष्काशन गरिने शेयरको अंकित मूल्य रु. १००/- मा प्रिमियम वापत रु. १३९ थप गरी प्रति शेयर रु.२३९ मा निष्काशन गरिएको छ । तर कम्पनीमा कार्यरत कर्मचारीहरुलाई अंकित मुल्य रु. १०० मा नै शेयर निष्काशन गरिएको छ ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा २५ को व्यवस्था बमोजिम संगठित संस्थाले प्रिमियममा धितोपत्र सार्वजनिक निष्काशन गर्न शर्तहरु तथा सोको पालनाको अवस्था निम्न बमोजिम छः**

**१. कम्पनी लगातार पछिल्लो तीन वर्षसम्म खुद मुनाफामा संचालनमा रहेको**
यस सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको व्यवसायीक कारोबार सुरु भएको आ.व २०७३/७४ देखि पछिल्लो स्विकृत आ.व २०७८/७९ को वित्तिय विवरण अनुसार कम्पनी क्रमश खुद नाफामा रहेको छ ।
कम्पनीको पछिल्लो तीन वर्षको खुद नाफा निम्न बमोजिम छ ।

*(रकम रु हजारमा)*

| विवरण | आ.व २०७८/७९ | आ.व २०७७/७८ | आ.व २०७६/७७ |
|---|---|---|---|
| खुद नाफा | २२०,१३०.५८ | ९६,२३५.८७ | ९१,३०८.३५ |

**२. संगठित संस्थाको प्रति शेयर चुक्ता पूँजी भन्दा प्रति शेयर नेटवर्थ बढी भएको**
यस सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको प्रति शेयर चुक्ता पूँजी रु.१०० रहेकोमा प्रति शेयर नेटवर्थ १३७.३० रहेकोमा स्थगन कर जगेडा तथा नियमकारी कोषको समायोजन गरी तथा कायम रहेको संस्थापकबाट थप गरिएको ६० प्रतिशत शेयर समेतलाई समायोजन गरे पश्चात प्रति शेयर नेटवर्थ रकम रु.११९.८४ कायम हुन गएको छ ।

**३. संगठित संस्थाको साधारण सभाले प्रिमियम मूल्यमा धितोपत्र जारी गर्ने निर्णय गरेको**
यस सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको मिति २०७८/०४/०४ मा सम्पन्न वार्षिक साधारण सभाले प्रिमियम मूल्यमा धितोपत्र जारी गर्ने निर्णय गरेको र सोही बमोजिम संगठित संस्थाको नियमावलीमा आवश्यक संशोधन समेत भै सकेको ।

**४. संगठित संस्थाले प्रिमियम मूल्य निर्धारण गर्दा अपनाइएको विधि, औचित्य र औचित्यलाई पुष्टि गर्ने गरी संगठित संस्था भन्दा बाहिरका विज्ञ वा विज्ञ संस्थाबाट प्रमाणित धितोपत्र मूल्याङ्कन प्रतिवेदन**
यस विवरणपत्र मार्फत प्रिमियममा सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणमा बिक्री गरिने साधारण शेयरको मूल्याङ्कन सम्बन्धी कार्य गर्नका लागि संगठित संस्थाभन्दा बाहिरका विज्ञ एन.आइ.बिएल एस क्यापिटल लिमिटेड काठमाडौंद्वारा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिकामा तोकिएको विधिद्वारा मूल्याङ्कन गरी मूल्य निर्धारण गरिएको हो । धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा २५.क बमोजिम धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गर्न चाहने संगठित संस्थाको धितोपत्रको प्रिमियम गणना गर्दा पछिल्लो तीन वर्षको पूँजीकृत भएको आम्दानी (क्यापिटलाइज्ड अर्निङ), भविष्यमा प्राप्त हुने नगद प्रवाहको वर्तमान मूल्य (डिस्काउन्टेड क्याँस फ्लो) र अन्तर्राष्ट्रिय प्रचलनको आधारमा मूल्याङ्कनकर्ताले अपनाएको अन्य कुनै एक विधि अवलम्बन गरी प्राप्त हुने कुल मुल्यको औसत मुल्य गणना गर्नुपर्ने व्यवस्था छ । यसरी निर्धारण गरेको औसत मुल्य र संगठित संस्थाको पछिल्लो लेखापरिक्षण भएको वित्तीय विवरण अनुसारको प्रति शेयर नेटवर्थको दुई गुणाले हुने रकममा जुन कम हुन्छ सो रकमलाई प्रिमियम कायम गर्नु पर्नेछ ।

माथिको नियम बमोजिम एन.आइ.विएल एस क्यापिटल लिमिटेडद्वारा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएका विधिहरु देहाय बमोजिम छ ।

| | | |
|---|---|---|
| क्यापिटलाइज्ड अर्निङ विधिको मुल्य | : | ८६.३७ |
| डिस्काउन्टेड नगद प्रवाह विधिको मुल्य | : | ८२५.०० |
| अन्तर्राष्ट्रिय विधिको मुल्य(नेटवर्थ प्रतिशेयर) | : | ११९.८४ |
| माथिका तिन विधिको औसत मुल्य | : | ३४३.७४ |

**पछिल्लो लेखापरिक्षण भएको वित्तीय विवरण (आ.व २०७८/७९) अनुसारको प्रति शेयर नेट वर्थ मूल्य रु. ११९.८४ रहेको (स्थगत कर जगेडा तथा नियमकारी कोषको समायोजन अघि नेटवर्थ रु.१३७.३०)**

| | |
|---|---|
| जम्मा शेयर कित्ता | २२,४००,००० |
| नेटवर्थ (आषाढ मसान्त, २०७९ स्थगन कर जगेडाको समायोजन अघि) | रु.२,२१७,७९१.१५ (हजारमा) |
| समायोजन (स्थगन कर जगेडा) | रु.१९,६९०.२८ (हजारमा) |
| समायोजन (नियमनकारी कोष) | रु.१०३,२४८.६३ (हजारमा) |
| समायोजन (अल्पसंख्यक हित) | रु.३५,०७४.८८ (हजारमा) |
| थप शेयर रकम | रु. ६२४,७१०.००(हजारमा) |
| समायोजित नेटवर्थ | रु.२,६८४,४८७.३५ (हजारमा |
| प्रति शेयर मूल्य नेटवर्थ समायोजित | रु.११९.८४ |

उक्त नेट वर्थको दुई गुणा भनेको रकम रु.२३९.६९ हुन आउछ सो कारण कम्पनीले जारी गर्न मिल्ने प्रिमियम मुल्य रकम रु.२३९.६९ रहेतापनि कम्पनीले रकम रु.२३९ मा धितोपत्र जारी गरेको छ ।

**ङ. धितोपत्र बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरणसम्बन्धी व्यवस्था:**

(अ) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया:** यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा ३० मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम शेयर खरीदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था तथा निर्देशन बमोजिम सञ्चालक समितिले निर्णय गरी बिक्री वितरण तथा बाँडफाँड गरिनेछ ।

(आ) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यबस्था** : "धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट मात्र आवेदन दिन सक्नेछ र आवेदकहरुको सम्वन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ ।

(इ) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर** : उपरोक्त व्यवस्था सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन ।

(ई) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि** "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भए बमोजिम प्रारम्भिक सार्वजनिक निष्काशन (इनिशियल पब्लिक अफरिङ्ग) गरिएको शेयरको बाँडफाँट गरी तोकिएको समयावधि भित्र आवेदकबाट उपलब्ध गराइएको हितग्राही खातामा जम्मा गरिनेछ ।

"धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुका सम्वन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ ।

(उ) **धितोपत्र सूचीकरणभैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण:** प्रारम्भिक सार्वजनिक निष्काशन (इनिशियल पब्लिक अफरिङ्ग) गरिने शेयर सूचीकरणभैसकेको छैन ।

(ऊ) **धितोपत्र सूचीकरणभैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा बिनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण:** प्रारम्भिक सार्वजनिक निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्था अनुसार सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

## च. प्रत्याभूति सम्बन्धी विवरण :

**(अ) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकमः**

| क्र.स | प्रत्याभूतिकर्ताको नाम | प्रत्याभूति गरिने शेयर संख्या | प्रत्याभुति रकम (रु) |
|---|---|---|---|
| १ | प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौ | ४,०१२,२९३ | १,००५,२८०,०११.१५ |
| २ | एन आईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौ | १,७९६,०५० | ४५०,०००,३२७.५० |
| ३ | एन आइबिएल प्रगति फण्ड लाजिम्पाट, काठमाडौ | २७९,३८५ | ६९,९९९,९११.७५ |
| ४ | एन आईबिएल सहभागीता फण्ड लाजिम्पाट, काठमाडौ | ५१८,८५८ | १२९,९९९,८७१.९० |
| ५ | एन आई सी एशिया क्यापिटल लिमिटेड, अनामनगर, काठमाडौ | २,१९५,१७१ | ५५०,०००,०९४.०५ |
| ६ | हिमालयन क्यापिटल लिमिटेड, ठमेल, काठमाडौ | ७९८,२४३ | १९९,९९९,७८३.६५ |
| | **जम्मा** | ९,६००,००० | २,४०५,२८०,०००.०० |

**(आ) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :**

**धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु तल बुदाँगत रुपमा उल्लेख गरिएको :**

१. प्रथम पक्षले सर्वसाधारणमा निष्कासन गर्न लागेको रु. १०० अकित दरमा प्रिमियम सहित ९६,००,००० कित्ता शेयर बराबर रकम रु. २,४०५,२८०,००० (दुई अर्ब चालीस करोड बाउन्न लाख असी हजार रुपैयाँ मात्र) दोस्रो पक्षले प्रत्याभूति गर्न मञ्जुर गर्दछ ।

२. निष्कासन कम्पनीले रकम ने.रु.६०,१३,२००/- (अक्षरेपी साठी लाख तेह्र हजार दुई सय मात्र) (कर सहित) प्रत्याभुतिकर्तालाई प्रत्याभूति कमिशन प्रदान गर्नेछ ।

३. निष्कासन कम्पनीले सम्झौतापत्रमा हस्ताक्षर भएको मितिले ७ (सात) दिनभित्र खरीद प्रत्याभूति सेवा कमिशनको ५० प्रतिशत रकम प्रत्याभुतिकर्तालाई भुक्तानी गर्नेछ र बाँकी ५० प्रतिशत रकम सार्वजनिक निष्काशनको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति भएको मितिले ३ दिन भित्र वा सम्झौतामा हस्ताक्षर भएको मितिले तिन महिना जुन अगाडी हुन्छ सोही समय भित्र भुक्तानी गर्नेछ । सो खरीद प्रत्याभुति सेवा कमिशनमा प्रचलित कानून बमोजिम नेपाल धितोपत्र बोर्डलाई बुझाउनुपर्ने ३% कमिशन र लागु हुने कर समेत समावेश गरिएको छ ।

४. सर्वसाधारणबाट माथि उल्लेखित निष्कासन कम्पनीको खरीद प्रत्याभुति गरिएका शेयरहरू आंशिक वा पूर्ण रुपमा खरीद नभएको अवस्थामा दोस्रो पक्षले प्रत्याभूती प्रतिवद्वता बमोजिम शेयर खरीद गर्न मञ्जूर गर्दछ ।

५. दोस्रो पक्षले यस सम्झौतापत्रको बुँदा नं ४ बमोजिम शेयर खरीद गर्नुपर्ने अवस्था आएमा प्रत्याभुति गरिएको शेयरको रकम निष्कासन कम्पनीले माग गर्नासाथ निष्कासन कम्पनीलाई निःशर्त चुक्ता गर्न मञ्जूर गर्दछन् । त्यसैगरी, दोस्रो पक्षले निष्कासन कम्पनीलाई रकम भुक्तान गरेपछि निष्कासन कम्पनीलाई सो रकम बराबरको शेयर स्वामित्व प्रचलित कानून बमोजिम दोस्रो पक्षको हितग्राही खातामा उपलब्ध गराउन मञ्जुर गर्दछ ।

६. सर्वसाधारणद्वारा माथि उल्लेखित शेयर पूर्ण वा आँशिक खरीद गरिएको भन्ने निष्कासन तथा बिक्री प्रवन्धकबाट सार्वजनिक सूचना जारी गरी सो निष्काशित सम्पूर्ण शेयरको बाँडफाँट भएपछि दोस्रो पक्षको प्रत्याभूतिसम्बन्धी दायित्व स्वतः समाप्त हुनेछ वा भएको मानिनेछ ।

७. सम्झौतापत्रको बुँदा नं. १ मा प्रत्याभुतिकर्ताबाट खरीदका लागि कबुल गरिएको शेयर कित्ताको हदसम्म मात्र खरीद प्रत्याभूतिकर्ताहरूको दायित्व सीमित रहनेछ ।

## छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु:

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिवन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

१. यस विवरणपत्र मार्फत निष्काशन गरिने प्रारम्भिक सार्वजनिक निष्काशन गरिने साधारण शेयरहरु बाँडफाँट गरे पश्चात कायम हुने शेयरधनीहरुले सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्वाचित हुने संचालकहरुको निर्वाचनको हकमा मात्र भाग लिई मतदान गर्न पाउनेछन् ।

२. प्रचलित कम्पनी कानून तथा नेपाल धितोपत्र बोर्डको बोनस शेयर सम्बन्धी निर्देशिकाको अधिनमा रही बिमा कम्पनीले आर्जन गरेको मुनाफाबाट बोनस शेयर वा लाभाँशं वितरण गर्न सक्नेछ र आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्ड तथा अन्य सम्बन्धित नियमन निकायहरुको स्वीकती लिई हकप्रद शेयर समेत जारी गर्न सक्नेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरहरु "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार बाँडफाँट गरी तोकिएको अवधिभित्र शेयर प्रमाणपत्र वितरण गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरबारप्लाजा, काठमाण्डौंमा सूचीकरण गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

**(ख) प्रबन्धपत्र, नियमावली, प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस बिमा कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं महानगरपालिका वडा नं. २९, सिम्खडा प्लाजा, पूतलीसडक, काठमाडौं वा कर्पोरेट कार्यलय वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, लेखनाथ मार्ग, ठमेल, काठमाडौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति शेयर रु. १००/- मा प्रिमियम रु. १३९ थप गरी जम्मा मुल्य रु. २३९ का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा दरखास्त दिनु पर्नेछ । तर कम्पनीमा कार्यरत कर्मचारीको हकमा अंकित मुल्य रु. १०० मा नै निष्काशन गरिएको छ ।

३. प्रत्येक आवेदकले कम्तीमा १० कित्ता तथा सो माथि १० अंकको गुणाङ्क संख्यामा अधिकतम २०,००० कित्तासम्म शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछन् ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र मार्फत जारी गरिने शेयर खरीदका लागि दरखास्त दिन सक्नेछन ।

२. आस्वा प्रणाली अन्तर्गतको आवेदन दिँदा भर्नुपर्ने अनुसूची-४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्ने (जस्तैः डिपी आईडी र क्लाइन्ट आईडी, खाता नं., नाम, थर, ठेगाना, सम्पर्क नं. नागरिकता नं., धितोपत्र निष्काशन कम्पनीको नाम, खरीद गर्न चाहेको धितोपत्रको संख्या, खरीद गर्न चाहेको धितोपत्रको रकम आदि) ।

३. आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता (चल्ती, बचत र कल) सक्रिय हुनु पर्ने ।

४. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्ने ।

५. “धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३” अनुरुप आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुका सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ ।

६. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

७. शेयरको बाँडफाँड गरी सूचीकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकाले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फारममा उल्लेख गर्नुपर्नेछ।

८. रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

## ग.११. सम्बन्धीत पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्तिः कारोबार नभएको ।

(ख) आधारभूत शेयरधनीः कारोबार नभएको ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्यः कारोबार नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्थाः सो नभएको ।

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा निजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्भौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा २ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्भौता गरेको भए सो कुराः कुनै कारोवार वा सम्भौता गरेको छैन ।

(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्नेः ऋण कारोबार गरेको छैन ।

## ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण:

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धीत सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु:** विदेशी लगानी र व्यवस्थापनमा इन्स्योरेन्स कम्पनी संचालन नभएको ।

## ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण:

(क) संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या: सो नभएको ।

(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कूल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :सो नभएको ।

## ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण:

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण:** सो नभएको ।

## ग.१५. परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण:

**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना:**
यस विवरण पत्रमा उल्लेख गरिएको वित्तिय विवरण तयार पार्ने विज्ञमा विमा कम्पनी आफैं रहेको छ ।

अ) यस कम्पनीको लेखापरीक्षकमा K.P.R.Associates, Chartered Accountants, बानेश्वर-१० रहेको छ । आ.व.२०७८/०७९ को वित्तीय विवरणको लेखापरीक्षण K.P.R. Associates, Chartered Accountants ले गर्नुभएको छ ।

आ) यस निष्काशनको लागि प्रमुख बैंकको व्यवस्था गरिएको छैन ।

इ) यस निष्काशनको लागि देहायको बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| क्र.सं | बैंकको नाम, ठेगाना | खाताको नाम | खाता नम्वर |
|---|---|---|---|
| १. | श्री नेपाल एसबिआई बैंक लिमिटेड, दरवारमार्ग, काठमाडौं । | NSMBL-SUN NEPAL-IPO-2079-80 | १७७३५२४००१००१६३ |

साथै आवश्यकता अनुसार निष्कासन वन्द भएको मितिले ३ (तीन) दिन भित्र बोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ई) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी Prasiddha A. & Associates, Chartered Accountants द्वारा प्रमाणित गरिएको छ ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बूँदा तथा शर्तहरु:**

- **लेखापरीक्षक:**
  सो नभएको ।
- **निष्काशन बैंक (Bankers to the Issue):**
  आस्वा प्रणाली २०७४ श्रावण महिनादेखि पुर्णरुपमा लागू भएकोले धितोपत्र बाँडफाँड पश्चात् बाँडफाँडमा परेको धितोपत्र वापतको रकम सम्वन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले निष्काशन प्रबन्धकबाट जानकारी प्राप्त गरेको मितिले ३ दिनभित्र उक्त रकम निष्काशन प्रबन्धकको खातामा हस्तान्तरण गरिदिनु पर्नेछ । साथै धितोपत्र बाँडफाँडमा नपरेका आवेदकहरुको हकमा समेत निष्काशन प्रबन्धकबाट जानकारी प्राप्त भएको ३ कार्यदिन भित्र सम्बन्धित आवेदकहरुको खाता फुकुवा गरिदिनु पर्नेछ ।

## ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण:

लागु नहुने ।

## ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण:

**(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा ब्यबस्थापनको धारणा:** लागु नहुने ।

**(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण:**
हाल सम्म संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई मुद्दा दायर गरिएको छैन ।

**(ग) विगत पाँच बर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसुचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने**
विगत पाँच बर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको छैन ।

**(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु:** सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया:**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, लेखनाथमार्ग, ठमेल, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको हुँदा तहाँ सम्पर्क गर्न सकिनेछ। कुनै पनि लगानीकर्ताले यस निष्काशन सँग सम्बन्धित बिषयमा कुनै गुनासो वा सुझावका लागि सम्पर्क अधिकारी श्री केदार प्रसाद पुडाशैनीलाई निजकै कार्यालयमा वा निजलाई कार्यालय समयभित्र ०१ ४५१२७४३,४५३५६७१,४५४१७८० (एक्स. १११) मा सम्पर्क गर्न सकिनेछ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण:**

नभएको।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण:**

हालसम्म ऋणपत्र जारी गरिएको छैन।

**ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यवस्था:**

नभएको।

**ग.२२. अन्य सामान्य जानकारी:**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण:**

आ.व २०७४/७५ देखि २०७६/७७ सम्म एच.आचार्य एण्ड एसोसिएटस, चार्टड एकाउन्टेन्टबाट लेखापरिक्षण भएकोमा आ.व २०७७/७८ को लेखापरिक्षण सुशिल एण्ड एसोसिएटस, चार्टड एकाउन्टेन्टबाट गराइएको छ भने आ.व २०७८/७९ को लेखापरिक्षण के.पि.आर एसोसिएटस, चार्टर्ड एकाउन्टेन्टबाट गराइएको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट ऐनको अधिनमा रहि उक्त परिवर्तन गरिएको हो। यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी Prasiddha A. & Associates, Chartered Accountants द्वारा प्रमाणित गरिएको छ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण:**

श्री.नितु क्याल स्वतन्त्र विज्ञ संचालकको रुपम नियुक्त हुनु भएको छ।

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

लाजिम्पाट-०२, काठमाडौ निवासी र कानुनमा स्नातक हासिल गरेका अधिवक्ता विवेक खरेल यस इन्स्योरेन्स कम्पनीको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ। उहाँ यस कम्पनीमा कार्यरत हुनु अघि तीन वर्षदेखि कानुनी सेवा ल-फर्म मा कार्यरत रहनु भएको थियो तथा विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय तालिम एवं सेमिनारमा भाग लिनु भएको छ।

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण:**

यस कम्पनीको संचालक समितिको मिति २०७८।१२।१० गतेको बैठकको निर्णय बमोजिम ९६,००,००० कित्ता शेयर प्रिमियममा प्रारम्भिक सार्वजनिक निष्काशन (इनिशियल पब्लिक अफरिङ्ग) गर्ने निर्णय गरियो साथै मिति २०७९।०१।०९ गते बसेको चौथौ साधारण सभाद्वारा सो निर्णयलाई पारित गरियो।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण:** सो नभएको।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय:**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ।

१. कम्पनीको रजिष्टर्ड/(केन्द्रीय) कार्यालय, सिम्खडा-प्लाजा, वडा नं. २९, पूतलीसडक, काठमाडौं

२. धितोपत्र निष्कासन तथा बिक्री प्रवन्धक श्री. नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, लेखनाथमार्ग, ठमेल, काठमाडौ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था:**

कम्पनीले बोनस शेयर निष्काशन सम्वन्धी प्रचलित कानूनी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुराः**

कम्पनीको जारी पूँजी रु. ३,२०,००,००,०००/- को ३० प्रतिशतले हुन आउने रु. ९६,००,००,०००/- रकम बराबर प्रति शेयर रु. १००/- अंकित दरमा ९६,००,००० कित्ता साधारण मध्ये प्रति शेयर रु. १००/- अंकित दरमा प्रिमियम रु. १३९ थप गरी जम्मा मुल्य रु. २३९ मा १०% अर्थात् ९,६०,००० कित्ता शेयर नेपाल सरकारको सम्वन्धित निकायबाट श्रम स्विकृती प्राप्त गरि वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई, ५% अर्थात ४,८०,००० कित्ता शेयर सामूहिक लगानी कोषहरुलाई र कम्पनीको संचालक समितिको मिति २०८०/०२/२५ मा बसेको ७७ औं बैठकको निर्णय बमोजिम कम्पनीमा कार्यरत कर्मचारीहरुलाई रु. १०० अंकित मुल्यमा ५% अर्थात ४,८०,००० कित्ता शेयर सुरक्षित गरी बाँकी रहने ७६,८०,००० कित्ता शेयर सर्वसाधारणहरुमा प्रारम्भिक सार्वजनिक निष्काशन गरिएको ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषणः**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ। कम्पनी रजिष्टारको कार्यालयको मिति २०८०/०१/०५ को पत्रानुसार यस कम्पनीले आ.व. २०७८/७९ सम्मको कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने विवरण पेश गरेको हुँदा आ.व २०७८/७९ सम्म कम्पनी अध्यावधिक रहेको छ । साथै मिति २०७९/१२/०६ मा नेपाल बीमा प्राधिकरणबाट यस कम्पनीको आ.व २०७८/७९ को वित्तिय विवरण स्वीकृत भइसकेको छ । कम्पनीको आ.व २०७८/७९ को वार्षिक साधारण सभा मिति २०७९/१२/२९ मा सम्पन्न गरिएको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्थाः**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि नेपाल धितोपत्र बोर्डबाट आस्वा (ASBA) को सदस्यता लिएका बैंक तथा वित्तीय संस्थाहरुबाट यस निष्काशनका लागि आवेदन फारम प्राप्त गर्ने तथा बुझिलिने व्यवस्था रहेको छ ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः**

यस विवरणपत्र मार्फत् निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि केयर रेटिङ्गस नेपाल लि. बाट मिति २०७९/०८/०६ मा "CARE-NP BBB- (Is) [Pronounced as Triple B Minus (Issuer)]" प्राप्त गरेको छ। जसले समयमानै वित्तीय दायित्व बहन गर्न सक्षम रहेको औसतस्तरको सुरक्षित कम्पनीलाई (Moderate Degree of safety regarding timely servicing of financial obligations) जनाउँदछ । केयर रेटिङ्गस नेपाल लिमिटेडले [CARE- NP]AAA देखि [CARE-NP]D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [CARE-NP]AAA ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा कम जोखिम अर्थात उच्च सुरक्षित रहेको आधार जनाउँछ र [CARE-NP]D ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा बढी जोखिम रहेको जनाउँदछ । रेटिङ्ग संकेत पछाडी रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्वन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ। यसको अर्थ CARE-NP BBB+ (Is) को स्थिति CARE-NP BBB– (Is) को भन्दा एक चिन्ह माथि रहन्छ ।

इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मिति २०७९/०८/०६ (तदनुसार नोभेम्वर २२, २०२२) र बहाल रहने अवधि २०८०/०८/०५ (तदनुसार नोभेम्वर २१, २०२३) सम्म रहेको छ ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरणः**

यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा बिक्री प्रबन्धक श्री नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, लेखनाथमार्ग, ठमेल, काठमाडौ रहेको छ ।

**(ड) सकारात्मक पक्षहरुः**

क) देशका अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा स्थापित भएकोले यस बीमा कम्पनी को व्यबस्थापन सक्षम तथा प्रभावकारी भएको ।
ख) प्रतिष्ठित तथा ठूला प्रर्वद्धकहरु (जस्तै, क्याल समूह, के.सी समूह, रुंगटा समूह तथा टिबरेवाला समूह) रहेका छन् ।
ग) स्थापनाकालदेखि नै पूर्ण कम्प्युटरीकृत प्रविधिबाट जिवन बीमा व्यवसाय सम्वन्धि सेवा प्रदान गर्दै आइरहेको ।

**(ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्थाः**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(ण) धितोपत्र बिक्री खुल्ला अवधिः**

यस विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गरिने शेयर मध्येको १० प्रतिशत नेपाल सरकारको सम्व्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि आवेदन दिने अवधि १५ (पन्ध्र) दिन हुनेछ । उक्त अवधिमा नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि निष्काशन गरेको शेयर पुरा बिक्री नभएमा उक्त बिक्री नभएको शेयर समेत सर्वसाधारणको लागि थप गरी दोश्रो चरणमा सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्य दिनको लागि खुला गरिनेछ। सो अवधि भित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आवेदन गर्न पाउने गरी दोश्रो चरणमा दरखास्त खुला भएको मितिले बढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुला रहनेछ। आवश्यकताभन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनैपनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिनभन्दा अगाडि शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन ।

## ग.२३. संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत:

| क्र.सं | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १) | श्री अनुज क्याल<br>(संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | अध्यक्ष | |
| २) | श्री सशांक अग्रवाल<br>(संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | सञ्चालक | |
| ३) | श्री नारायण रुंगटा<br>(संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | सञ्चालक | |
| ४) | श्री किरण के.सी<br>(संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | सञ्चालक | |
| ५) | नीतु क्याल, काठमाडौं ३४, काठमाडौं | स्वतन्त्र सञ्चालक | |

## ग.२४. निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रतिः

नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि.

**NEPAL SBI MERCHANT BANKING LTD.**

Regd. No. 148059/72/073
SEBON license No. 37

NSMBL

(A wholly owned Subsidiary of Nepal SBI Bank Ltd.)
CORPORATE OFFICE: HATTISAR, GPO BOX NO. 6049, KATHMANDU, NEPAL

Ref. No: NSMBL/MBD/1624/2079/80

मितिः २०८०।०३।१२

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

विषय : प्रतिबद्धता पत्र ।

महोदय,

कम्पनी ऐन २०६३ बमोजिम स्थापित श्री सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड का.म.नपा- ३१ पुतलीसडक, न्यु प्लाजाले कम्पनीको जारी पूँजीको ३०% ले हुने रु. १०० अंकित मूल्यका ९६,००,००० कित्ता साधारण शेयरमा प्रिमियम रु. १३९ थप गरी जम्मा मुल्य रु. २३९ मा सार्वजनिक निष्काशनको लागि छुट्याईएको शेयर मध्ये बाट १०% अर्थात् ९,६०,००० कित्ता नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृती प्राप्त गरि बैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई, ५% अर्थात ४,८०,००० कित्ता शेयर सामूहिक लगानी कोषहरुलाई, र कम्पनीको संचालक समितिको मिति २०८०/०२/२५ मा बसेको ७७ औ बैठकको निर्णय बमोजिम रु. १०० अंकित मुल्यमा कम्पनीमा कार्यरत कर्मचारीहरुलाई ५% अर्थात ४,८०,००० कित्ता शेयर सुरक्षित गरी बाँकी रहने ७६,८०,००० कित्ता शेयर सर्वसाधारणमा सार्वजनिक निष्काशन गर्नको लागि निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन यस नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लिमिटेड मञ्जुर गर्दछ। सर्वसाधारणहरुलाई साधारण शेयर जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ। प्रस्तावित विवरणपत्र व्यवसायिक रुपले तयार गरिएको र निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धमा धितोपत्र सम्वन्धि ऐन २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र सम्वन्धि ऐन, २०६३ अन्तर्गत बनेको अन्य नियमावली, विनियमावली, निर्देशिका समेतको पालना गरिएको उद्घोषण यस नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लिमिटेडको रहेको छ। यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराइन्छ।

१.संगठित संस्थाको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ। संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ।

२.धितोपत्र कारोवार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी तहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कम्पनीको कार्यालयमा राखिएको छ।

३.हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन २०६३ र सो अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचिकरण विनियमावली वमोजिम सूचीकरण हुन योग्य छन्।

४.सर्वसाधारणलाई विवरणपत्र सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशनकर्ता कम्पनी संग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ।

५.तहाँ बोर्डबाट जारी गरिएको "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा उल्लेखित सम्पुर्ण कुराहरुको अध्ययन गरि सो अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाइएको छ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**
नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लिमिटेडको तर्फबाट

नाम : अंकुर दाहाल
पद : प्रमुख वित्त अधिकृत
सही :
छाप

NEPAL SBI MERCHANT BANKING LIMITED NSMBL Kathmandu

•Issue and Sales Manager •Securities Underwriting •Share Registrar •Portfolio Manager •Corporate Advisory
Phone: 01-4412743 | Fax: +977-01-4435612 | Email ID: info@nsmbl.com.np, sharedpt@nsbl.com.np | Web: www.nsmbl.com.np

12411

**Prasiddha A. & Associates**
**Chartered Accountants**

Kathmandu, Nepal
prasiddha.associates.ca@gmail.com
prasiddha.ca@outlook .com

**Report on Examination of Prospective Financial Information**
**To the Management of**
**Sun Nepal Life Insurance Company Limited**

We have examined the prospective consolidated financial statements of Sun Nepal Life Insurance Company Limited for the period of financial years 2022-23, 2023-24, 2024-25, 2025-26 and 2026-27 in accordance with Nepal Standard on Assurance Engagements applicable to the examinations of prospective financial information. Management is responsible for the forecast of financial information including the assumptions set out in Note A: Assumptions for Consolidated Financial Statements, based on which consolidated financial statements are prepared. Management has prepared these consolidated financial statements for the purpose of Initial Public Offering and distribution of the prospective consolidated financial statements shall be limited to the Initial Pubic Offering. The prepared consolidated financial statements includes audited consolidated financial statements of 2021-22. The examination of audited consolidated financial statements do not fall in our scope of examination of prospective consolidated financial statements.

Based on our examination of the evidence supporting the consolidated financial statements and assumptions, nothing has come to our attention, which causes us to believe that these consolidated financial statements and assumptions do not provide a reasonable basis for the forecast and projections. Further, in our opinion the forecast is proper because of the assumptions and is presented in accordance with assumptions prescribed by NAS/NFRSs to the extent of possibility of presentation, measurement and calculations.

Even if the events anticipated under the hypothetical assumptions and consolidated financial statements described in these assumptions and consolidated financial statements occur, actual results are still likely to be different from the projections since other anticipated events are still likely to be different from the projections because other anticipated events do not occur as expected and the variations may be significant and material.

CA. Prasiddha Acharya
Prasiddha A. & Associates, Chartered Accountants

June 26, 2023
Kathmandu

UDIN: 230626CA01400MPSlb